# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३७
पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा


१० वर्ष

१ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन– मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ५ ।

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. अथर्ववेदज्यौतिषअनुसारका तिथि | –नयराज पन्त | १–९ |
| २. फर्पिङको छङ्केश्वरीमूर्तिको प्राचीनताको विषयमा | –महेशराज पन्त | १०–११ |
| ३. रण मल्ल के नाथल्लदेवीका पति हुन् ? | –महेशराज पन्त | ११–१६ |
| ४. दलसुर थापा र सोभार्सि थापाले भीमसेन थापालाई वि. सं. १८९३ मा लेखेको पत्र | –रामजी तेवारी | १७–२१ |
| ५. विद्वच्छिरोमणिपदवीको लालमोहर | –नयराज पन्त | २१–२५ |
| ६. राम्रो नराम्रो | –नयराज पन्त | २६ |
| ७. हे राम तिम्रो मन | –नयराज पन्त | २७ |
| ८. नेपालको शुद्ध र सर्वमान्य इतिहास तयार गर्न परेका बाधा | | २८–२९ |
| ९. नवौँ वर्षको आयव्ययको विवरण | | ३० |
| १०. वि. सं. २०२३ मा श्रीगुरु पं. नयराज पन्तबाट त्रिभुवन-विश्वविद्यालयमा पढाई प्राप्त रकम संशोधन–मण्डललाई दिन थाल्दा लेखिएको पत्र | | ३१–३४ |
| ११. सूचनाविभागद्वारा प्रकाशित पुस्तकमा अशुद्ध कुरा वारंवार दोहरिइरहन्छन् | –दिनेशराज पन्त | ३४–३५ |
| १२. हाम्रो वक्तव्य | | ३६–३७ |


पानी घाम बतासबाट जसले पर्दैन क्यै आत्तिन,
लागी रोग कडा सुतोकन सधैँ पर्दैन जल्ले रुन ।
गर्दै काम डटेर खान जसले आनन्दले पाउँछ,
सोही मानिसको निमित्त वसुधा पृथ्वी दुवै सार्थ छ ।।

२००३।४।५।७

–नयराज पन्त

# अथर्ववेदज्यौतिषअनुसारका तिथि

–नयराज पन्त

शब्द उही भए पनि त्यसको अर्थ कालैपीछे केही फरक हुन्छ । भीमसेन थापाले पाएको सर्वोच्च पद कम्यान्डर–इन –चीफ हो । पहिले उनी वि. सं. १८६३ मा नेपालका हर्ताकर्ता भएका हुन् । त्यस वेला उनको पद काजी थियो । काजीहरू अरू पनि थिए । त्यस कारण आफ्नो गौरव बढाउन भीमसेन थापा वि. सं. १८६८ मा जनरल बने । त्यसपछि नेपालमा जनरल शब्दको अर्थ हर्ताकर्ता भन्ने भयो । भीमसेन थापाको शासनकालमा उनका बाबु, भाइ, भतिजाबाहेक अरू त जनरल भएनन्; तैपनि आफ्नै भाइ, भतिजामध्येमा पनि आफू श्रेष्ठतम बन्न भीमसेन थापा वि. सं. १८९२ मा कम्यान्डर–इन–चीफ बने । त्यस कारण त्यस वेला कम्यान्डर–इन–चीफ भन्ने शब्द नेपालमा हर्ताकर्ताको अर्थ दिने भयो । भीमसेन थापाको अधिकार वि. सं. १८६३ देखि काजी भए पनि जनरल भए पनि कम्यान्डर–इन–चीफ भए पनि उस्तै थियो[1] । भीमसेन थापाका भतिजा मातवरसिंह थापा वि. सं. १९०० मा प्राइम्मिनिस्टर बने[2] । राजा समर्थ भएका हुनाले हर्ताकर्ता त मातवरसिंह थापा हुन सकेनन्, तैपनि त्यो पद अत्यन्त ठूलो थियो । वि. सं. १९०३ मा कोतपर्वपछि मातवरसिंह थापाका भानिज जङ्गबहादुर कुँवर प्राइम्मिनिस्टर भए । अरू भारादारहरूलाई सखाप पार्न सकेका र राजालाई पनि निरस्त्र पार्न सकेकाले जङ्गबहादुर कुँवर भीमसेन थापाभन्दा पनि अझ बढी शक्तिशाली हर्ताकर्ता भए । यसपछि १०४ वर्षसम्म प्राइम्मिनिस्टर शब्द राजा प्रजा दुवैलाई अँचेटी राख्न सक्ने स्वेच्छाचारी शासकको पर्याय बन्न पुग्यो[3] । राणाशासनकालमा प्राइम्मिनिस्टरभन्दा १ तह तलका शासक

---

१. वि. सं. २०२६ मा प्रकाशित पूर्णिमा २२ अङ्कका १३३–१४३ पृष्ठमा छापिएको देवीप्रसाद भण्डारीको प्रधानमन्त्री माथवरसिंह थापाको वि. सं. १९०१ को शिलापत्र भन्ने निबन्ध, सो अङ्कका १३६–१३९ पृष्ठ । वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कका २१७–२३६ पृष्ठमा छापिएको भीमसेन थापा भन्ने मेरो निबन्ध ।

२. पूर्णिमा २२ अङ्कका १३३–१३५, १३९–१४१ पृष्ठ ।
वि. सं. २०३० मा दिल्लीको कस्मो पब्लिकेशन्सद्वारा पुनः प्रकाशित हेनि् एम्ब्रोस ओल्डफील्डको स्केचइज फ्रम् निपाल् (नेपालको वर्णन) को १ भागको ३३८ पृष्ठ ।

३. पूर्णिमा २२ अङ्कका १४१–१४२ पृष्ठ ।
वि. सं. २०२८ मा प्रकाशित पूर्णिमा २५ अङ्कका ३९–६० पृष्ठमा छापिएको श्री ३ महाराज रणोद्दीपसिंह भन्ने मेरो निबन्ध ।

कम्यान्डर–इन–चीफ कहलाउँथे[४] । यसरी वि. सं. १८६८ देखि वि. सं. २००७ सम्म क्रमैले जनरल, अनि कम्यान्डर–इन–चीफ, अनि प्राइम्मिनिस्टर यी शब्द अधिनायकका पर्याय बने । यिनका अर्थ क्रमैसँग फरक पर्दै पनि गए । प्राइम्मिनिस्टरको अनुवाद प्रधानमन्त्री र कम्यान्डर – इन–चीफको अनुवाद प्रधानसेनापति गरिन्छ । अहिले पनि प्रधानमन्त्री र प्रधानसेनापति पद छन्, परन्तु त्यो शक्ति तथा त्यो क्रम अहिले छैन[५] । यति भन्नाको तात्पर्य शब्द उही भए पनि त्यस शब्दले बुझाउने अर्थ एकैनास सम्झने गरे वास्तव घटनादेखि अनभिज्ञ बन्नुपर्छ भन्ने हो ।

प्रतिपद् (परेवा), द्वितीया, तृतीया आदि तिथिवाचक शब्द आजभोलि पनि चलेका छन्, अथर्ववेद-ज्यौतिषमा पनि तिथिवाचक यिनै शब्द छन् । परन्तु यी तिथिवाचक शब्दको आजभोलि चलेको अर्थ सम्झी अथर्ववेदज्यौतिषमा परेका यी शब्दको अर्थ गर्न बस्दा सङ्गति मिलाउन सकिन्न भन्ने देखाउन यो निबन्ध प्रस्तुत गरिन्छ ।

गततिर्थिर्द्विरगुणा मुनि७शेषिता करणमग्र्यदलेऽथ परे दले ।
कु१युगथाऽसितभूतपरार्द्धतः शकुनितः स्थिरकर्णचतुष्टयम् ।।१८।।

(लक्ष्मीपति पाँडेको रत्नदीप २ अध्याय)

[गततिथिलाई २ ले गुनी आएको गुणनफललाई ७ ले भाग लिंदा आएको शेष त्यस तिथिको पूर्वार्द्धको करण हुन्छ । त्यसमा १ जोडेपछि तिथिको उत्तरार्द्धको करण हुन्छ । कृष्णपक्षको चतुर्दशीको उत्तरार्द्धदेखि शकुनि आदि ४ स्थिर करण हुन्छन् ।]

बवाह्वयं बालवकौलवाख्ये ततो भवेत् तैतिलनामधेयम् ।
गराभिधानं वणिजं च विष्टिमित्याहुरार्याः करणानि सप्त ।।१।।
चतुर्दशी या शशिना प्रहीणा तदर्धभागे शकुनिर्द्वितीये ।
दर्शार्द्धयोः स्तश्चतुरङ्घ्रिनागौ किंस्तुघ्नमाद्ये प्रतिपद्दले च ।।२।।

(श्रीपतिको ज्यौतिषरत्नमाला करणप्रकरण)

[बव, बालव, कौलव, तैतिल, गर, वणिक्, विष्टि (भद्रा) यी ७ करण हुन्छन् । कृष्णपक्षको चतुर्दशीको

४. वि. सं. २०२२ मा कानून किताब व्यवस्था समिति सिंहदरबार काठमाडौंबाट प्रकाशित श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐनका २–३ पृष्ठ ।

५. वि. सं. २०३२ मा कानून तथा न्याय मन्त्रालय कानून किताब व्यवस्था समितिबाट प्रकाशित नेपालको संविधान २०१९ का १३–१४ पृष्ठ ।

उत्तरार्द्धमा शकुनि, औँसीको पूर्वार्द्धमा चतुष्पाद्,औँसीको उत्तरार्द्धमा नाग, शुक्लपक्षको परेवाको पूर्वार्द्धमा किंस्तुघ्न करण हुन्छन् ।]

(वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको दिनेशराज पन्तको रत्न मल्लकी छोरी विरमादेवीको विवाहको तिथिमितिको गणना भन्ने निबन्ध, सो अङ्कका ३०८–३०९ पृष्ठ ।)

यस नियमअनुसार

| | शुक्लपक्षमा | | कृष्णपक्षमा | |
|---|---|---|---|---|
| तिथि | पूर्वार्द्धमा | उत्तरार्द्धमा | पूर्वार्द्धमा | उत्तरार्द्धमा |
| प्रतिपद्को | किंस्तुघ्न | बव | बालव | कौलव |
| द्वितीयाको | बालव | कौलव | तैतिल | गर |
| तृतीयाको | तैतिल | गर | वणिक् | भद्रा |
| चतुर्थीको | वणिक् | भद्रा | बव | बालव |
| पञ्चमीको | बव | बालव | कौलव | तैतिल |
| षष्ठीको | कौलव | तैतिल | गर | वणिक् |
| सप्तमीको | गर | वणिक् | भद्रा | बव |
| अष्टमीको | भद्रा | बव | बालव | कौलव |
| नवमीको | बालव | कौलव | तैतिल | गर |
| दशमीको | तैतिल | गर | वणिक् | भद्रा |
| एकादशीको | वणिक् | भद्रा | बव | बालव |
| द्वादशीको | बव | बालव | कौलव | तैतिल |
| त्रयोदशीको | कौलव | तैतिल | गर | वणिक् |
| चतुर्दशीको | गर | वणिक् | भद्रा | शकुनि |
| पूर्णिमाको | भद्रा | बव अमावास्याको | चतुष्पाद् | नाग |

यस्तो सारणी बस्न आउँछ ।

पञ्चाङ्गमा यही सारणीअनुसार करण लेखिएका हुन्छन् । जस्तै–

वि. सं. २०३३ आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी पला | करण | घडी पला | दिनमान घडी पला |
|---|---|---|---|---|---|---|---|
| आश्विन | ८ | शु. | १ | ४४।४६ | किं. | १७।२८ | २९।५८ |
| | ९ | श. | २ | ३८।५५ | बा. | ११।५० | २९।५४ |

| गते | वार | तिथि | घडी पला | करण | घडी पला | दिनमान घडी पला | |
|---|---|---|---|---|---|---|---|
| १० | आ. | ३ | ३२। ५२ | तै. | ५/५६। ५३/४६ | २९।४९ | भ. ५९।४९ उ. |
| ११ | सो. | ४ | २६। ४६ | ब. | ५३। ४९ | २९।४५ | भ. २६।४६ या. |
| १२ | मं. | ५ | २०। ५३ | कौ. | ४८। ७ | २९।४१ | |
| १३ | बु. | ६ | १५। २२ | ग. | ४२। ५४ | २९।३७ | |
| १४ | बृ. | ७ | १०। २६ | भ. | ३८। २० | २९।३३ | भ. १०।२६ उ. ३८।२० या. |
| १५ | शु. | ८ | ६। १४ | बा. | ३४। ३५ | २९।२९ | |
| १६ | श. | ९ | २। ५७ | तै. | ३१। ५१ | २९।२५ | |
| १७ | आ. | १० | ०/५६। ४५/४४ | व. | ३०। १४ | २९।२१ | भ. ३०।१४ उ. ५६।४४ या. |
| १८ | सो. | १२ | ५९। ५९ | ब. | २९। ५१ | २९।१६ | |
| १९ | मं. | १३ | ६०। ० | कौ. | ३०। ४६ | २९।१२ | |
| २० | बु. | १३ | १ । ३३ | ग. | ३२। ५५ | २९। ८ | |
| २१ | बृ. | १४ | ४ । १७ | भ. | ३६। १२ | २९। ४ | भ. ४।१७ उ. ३६।१२ या. |
| २२ | शु. | १५ | ८ । ७ | बा. | ४०। २७ | २९। ० | |

## कार्तिककृष्ण

| | गते | वार | तिथि | घडी पला | करण | घडी पला | दिनमान घडी पला | |
|---|---|---|---|---|---|---|---|---|
| आश्विन | २३ | श. | १ | १२। ४७ | तै. | ४५। २२ | २८।५६ | |
| | २४ | आ. | २ | १७। ५७ | व. | ५०। ३३ | २८।५१ | भ. ५०।३३ उ. |
| | २५ | सो. | ३ | २३। ९ | ब. | ५५। ३३ | २८।४७ | भ. २३।९ या. |
| | २६ | मं. | ४ | २७। ५७ | कौ. | ५९। ५९ | २८।४३ | |
| | २७ | बु. | ५ | ३२। ३ | ग | ६०। ० | २८।३९ | |
| | २८ | बृ. | ६ | ३५। ७ | ग. | ३ । ३५ | २८।३५ | भ. ३५।७ उ. |
| | २९ | शु. | ७ | ३६। ५९ | भ. | ६ । ३ | २८।३१ | भ. ६।३ या. |
| | ३० | श. | ८ | ३७। ३४ | बा. | ७ । १६ | २८।२६ | |
| कार्तिक | १ | आ. | ९ | ३६। ५३ | तै. | ७ । १३ | २८।२३ | |
| | २ | सो. | १० | ३५। ० | व. | ५ । ५६ | २८।१८ | भ. ५।५६ उ. ३५।० या. |

| गते | वार | तिथि | घडी पला | करण | घडी पला | दिनमान घडी पला |
|---|---|---|---|---|---|---|
| ३ | मं. | ११ | ३२। ० | ब. | ३ ।३० | २८।१४ |
| ४ | बु. | १२ | २८। ४ | कौ. | $\overset{०}{५}५।\overset{२}{४}२$ | २८।१० |
| ५ | बृ. | १३ | २३।२० | भ. | ५०।३९ | २८। ६ भ. २३।२० उ. ५०।३९ या. |
| ६ | शु. | १४ | १७।५९ | च. | ४५। ६ | २८। २ |
| ७ | श. | ३० | १२।१४ | किं. | ३९।१४ | २७।५८ |

(पं. दधिराम शर्माको वि. सं. २०३३ को पञ्चाङ्गबाट)

पञ्चाङ्गमा करणको संक्षिप्त रूप मात्र दिइएको छ । वास्तव रूप यस्तो हुन्छ–

वि. सं. २०३३ आश्विनशुक्ल

| गते | वार | तिथि | घडी पला | करण | घडी पला घडी पला |
|---|---|---|---|---|---|
| आश्विन ८ | शुक्र | प्रतिपद् | ४४।४६ | किंस्तुघ्न | १७। २८ सम्म, त्यसपछि ४४।४६ सम्म बव, त्यसपछि बालव |
| ९ | शनि | द्वितीया | ३८।५५ | बालव | ११। ५० सम्म, त्यसपछि ३८।५५ सम्म कौलव, त्यसपछि तैतिल |
| १० | आदित्य | तृतीया | ३२।५२ | तैतिल | ५। ५३ सम्म, त्यसपछि ३२।५२ सम्म गर, त्यसपछि ५९।४९ सम्म वणिक्, त्यसपछि भद्रा |
| ११ | सोम | चतुर्थी | २६।४६ | भद्रा | २६। ४६ सम्म, त्यसपछि ५३।४९ सम्म बव, त्यसपछि बालव |
| १२ | मङ्गल | पञ्चमी | २०।५३ | बालव | २०। ५३ सम्म, त्यसपछि ४८। ७ सम्म कौलव, त्यसपछि तैतिल |
| १३ | बुध | षष्ठी | १५।२२ | तैतिल | १५। २२ सम्म, त्यसपछि ४२।५४ सम्म गर, त्यसपछि वणिक् |
| १४ | बृहस्पति | सप्तमी | १०।२६ | वणिक् | १०। २६ सम्म, त्यसपछि ३८।२० सम्म भद्रा, त्यसपछि बव |
| १५ | शुक्र | अष्टमी | ६।१४ | बव | ६। १४ सम्म, त्यसपछि ३४।३५ सम्म बालव, त्यसपछि कौलव |
| १६ | शनि | नवमी | २।५७ | कौलव | २। ५७ सम्म, त्यसपछि ३१।५१ सम्म तैतिल, त्यसपछि गर |
| १७ | आदित्य | दशमी | ०।४५ | गर | ०। ४५ सम्म, त्यसपछि ३०।१४ सम्म वणिक्, त्यसपछि |
| | | एकादशी | ५६।४४ | | ५९। ४४ सम्म भद्रा, त्यसपछि बव |
| १८ | सोम | द्वादशी | ५९।५९ | बव | २९। ५१ सम्म, त्यसपछि ५९।५९ सम्म बालव, त्यसपछि कौलव |
| १९ | मङ्गल | त्रयो दशी | ६०। ० | कौलव | ३०। ४६ सम्म, त्यसपछि तैतिल |
| २० | बुध | त्रयोदशी | १।३३ | तैतिल | १।३३ सम्म, त्यसपछि ३२।५५ सम्म गर, त्यसपछि वणिक् |
| २१ | बृहस्पति | चतुर्दशी | ४।१७ | वणिक् | ४।१७ सम्म, त्यसपछि ३६।१२ सम्म भद्रा, त्यसपछि बव |
| २२ | शुक्र | पूर्णिमा | ८। ७ | बव | ८। ७ सम्म, त्यसपछि ४०।२७ सम्म बालव, त्यसपछि कौलव |

कार्तिककृष्ण

| गते | वार | तिथि | घडी पला | करण | घडी पला घडी पला |
|---|---|---|---|---|---|
| आश्विन २३ | शनि | प्रतिपद् | १२।४७ | कौलव | १२। ४७ सम्म, त्यसपछि ४५।२२ सम्म तैतिल, त्यसपछि गर |
| २४ | आदित्य | द्वितीया | १७।५७ | गर | १७। ५७ सम्म, त्यसपछि ५०।३३ सम्म वणिक्, त्यसपछि भद्रा |
| २५ | सोम | तृतीया | २३। ९ | भद्रा | २३। ९ सम्म, त्यसपछि ५५।३३ सम्म बव, त्यसपछि बालव |
| २६ | मङ्गल | चतुर्थी | २७।५७ | बालव | २७। ५७ सम्म, त्यसपछि कौलव |
| २७ | बुध | पञ्चमी | ३२। ३ | तैतिल | ३२। ३ सम्म, त्यसपछि गर |
| २८ | बृहस्पति | षष्ठी | ३५। ७ | गर | ३। ३५ सम्म, त्यसपछि ३५। ७ सम्म वणिक्, त्यसपछि भद्रा |
| २९ | शुक्र | सप्तमी | ३६।५९ | भद्रा | ६। ३ सम्म, त्यसपछि ३६।५९ सम्म बव, त्यसपछि बालव |
| ३० | शनि | अष्टमी | ३७।३४ | बालव | ७। १६ सम्म, त्यसपछि ३७।३४ सम्म कौलव, त्यसपछि तैतिल |
| कार्तिक १ | आदित्य | नवमी | ३६।५३ | तैतिल | ७। १३ सम्म, त्यसपछि ३६।५३ सम्म गर, त्यसपछि वणिक |
| २ | सोम | दशमी | ३५। ० | वणिक् | ५। ५६ सम्म, त्यसपछि ३५। ० सम्म भद्रा, त्यसपछि बव |
| ३ | मङ्गल | एकादशी | ३२।० | बव | ३। ३० सम्म, त्यसपछि ३२। ० सम्म बालव, त्यसपछि कौलव |
| ४ | बुध | द्वादशी | २८। ४ | कौलव | ०। २ सम्म, त्यसपछि २८।४ सम्म तैतिल, त्यसपछि ५५।४२ सम्म गर, त्यसपछि वणिक् |
| ५ | बृहस्पति | त्रयोदशी | २३।२० | वणिक् | २३। २० सम्म, त्यसपछि ५०।३९ सम्म भद्रा, त्यसपछि शकुनि |
| ६ | शुक्र | चतुर्दशी | १७।५९ | शकुनि | १७। ५९ सम्म, त्यसपछि ४५। ६ सम्म चतुष्पाद्, त्यसपछि नाग |
| ७ | शनि | अमावास्या | १२।१४ | नाग | १२। १४ सम्म, त्यसपछि ३९।१४ सम्म किंस्तुघ्न, त्यसपछि बव |

वेदका षडङ्गमा शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द तथा ज्यौतिष पर्छन् । ऋग्वेदज्यौतिष, यजुर्वेदज्यौतिष तथा अथर्ववेदज्यौतिषनामक ३ ग्रन्थ ज्यौतिषशास्त्रका अहिलेसम्म पाइएका ग्रन्थमा प्राचीनतम ग्रन्थ हुन् । ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिषमा तिथि र नक्षत्रको चर्चा विशेष गरेर आउँछ । तर त्यहाँ करणको चर्चा छैन । अथर्ववेदज्यौतिषमा करणको चर्चा तल लेखिएबमोजिम पर्न आएको छ—

[४]

शुक्लप्रतिपदि रात्रौ दिवि पञ्चम्यां तथाष्टमीं रात्रौ ।
द्वादश्यामपि च दिवा प्रथमं प्रतिपद्यते करणम् ॥१॥
पौर्णमास्यां बवं रात्रौ तच्चतुर्थ्यां पुनर्दिवा ।
तद्धि तत्सप्तमीरात्रौ तच्चैवैकादशीदिवा ॥२॥
एकादशभिः करणैर्मासः सम्प्रतिपद्यते ।

ध्रुवाणि तत्र चत्वारि चलान्यन्यानि सप्त च ॥४॥
बवं च बालवं चैव कौलवं तैतिलं तथा[६] ।
गरं च[७] वणिजं चैव विष्टिर्भवति सप्तमम् ॥५॥
शकुनिश्चतुष्पदं[८] नागं चतुर्थं कौस्तुभं भवेत् ...॥६॥
आद्यं तु शकुनिर्नाम[९] रात्रौ कृष्णचतुर्द्दशी ...॥७॥
करणं चतुष्पदं नाम कृष्णपञ्चदशीदिवा ॥९॥
कृष्णपञ्चदशीरात्रौ नागं करणमुच्यते ॥११॥

[५]

शुक्लप्रतिपदि दिवा कौस्तुभं करणं भवेत् ...॥१॥

( वि. सं. १९८० मा लाहोरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, भगवद्दत्तद्वारा सम्पादित आथर्वणज्योतिषको मूल भागका ४–५ पृष्ठ)

[शुक्लपक्षमा परेवाको राति, पञ्चमीको दिउँसो, अष्टमीको राति, द्वादशीको दिउँसो, पूर्णिमाको राति बव करण पर्छ ।

कृष्णपक्षमा चतुर्थीको दिउँसो, सप्तमीको राति, एकादशीको दिउँसो बव करण पर्छ ।

करण जम्मा ११ वटा छन् । तिनमध्ये ७ वटा करण चल छन् । ४ वटा करण स्थिर छन् । बव, बालव, कौलव, तैतिल, गर, वणिक्, विष्टि (भद्रा) यी ७ वटा चल करण हुन् । शकुनि, चतुष्पाद्, नाग, कौस्तुभ (किंस्तुघ्न) यी ४ वटा स्थिर करण हुन् । १ महीनामा यी ११ वटा करण घुमीरहन्छन् । कृष्णपक्षको चतुर्दशीको राति शकुनि करण पर्छ, औँसीको दिउँसो चतुष्पाद् तथा राति नाग करण पर्छन् । शुक्लपक्षको परेवाको दिउँसो कौस्तुभ (किंस्तुघ्न) करण पर्छ ।]

अथर्ववेदज्यौतिषको यस वचनअनुसार

| | शुक्लपक्षमा | | | कृष्णपक्षमा | |
|---|---|---|---|---|---|
| तिथि | दिउँसो | राति | तिथि | दिउँसो | राति |
| प्रतिपद्को | किंस्तुघ्न | बव | चतुर्थीको | बव | |
| पञ्चमीको | बव | | सप्तमीको | | बव |
| अष्टमीको | | बव | एकादशीको | बव | |
| द्वादशीको | बव | | चतुर्दशीको | | शकुनि |
| पूर्णिमाको | | बव | अमावास्याको | चतुष्पाद् | नाग |

मुद्रित पाठ– ६. तैतिलेति च । ७. गराजि । ८. शकुनिं चतुष्पदं । ९. शकुनिं नाम ।

यस्तो सारणी बस्न आउँछ ।

अथर्ववेदज्यौतिषमा बव, बालव, कौलव, तैतिल, गर, वणिक्, भद्रा यी ७ चल करण र शकुनि, चतुष्पाद्, नाग, किंस्तुघ्न यी ४ स्थिर करणसमेत गरी जम्मा ११ करण १ महीनामा घुम्छन् भनी बोलिएको र स्थिर करण पर्ने तिथि तथा दिन रात किटान गरी चल करणमध्ये पहिलो बव पर्ने तिथि तथा तिनका दिन रात तोकिएकाले अथर्ववेदज्यौतिषअनुसार करणको तल लेखेअनुसारको सारणी बस्न आउँछ –

| | शुक्लपक्षमा | | | कृष्णपक्षमा | |
|---|---|---|---|---|---|
| तिथि | दिउँसो | राति | | दिउँसो | राति |
| प्रतिपद्को | किंस्तुघ्न | बव | | बालव | कौलव |
| द्वितीयाको | बालव | कौलव | | तैतिल | गर |
| तृतीयाको | तैतिल | गर | | वणिक् | भद्रा |
| चतुर्थीको | वणिक् | भद्रा | | बव | बालव |
| पञ्चमीको | बव | बालव | | कौलव | तैतिल |
| षष्ठीको | कौलव | तैतिल | | गर | वणिक् |
| सप्तमीको | गर | वणिक् | | भद्रा | बव |
| अष्टमीको | भद्रा | बव | | बालव | कौलव |
| नवमीको | बालव | कौलव | | तैतिल | गर |
| दशमीको | तैतिल | गर | | वणिक् | भद्रा |
| एकादशीको | वणिक् | भद्रा | | बव | बालव |
| द्वादशीको | बव | बालव | | कौलव | तैतिल |
| त्रयोदशीको | कौलव | तैतिल | | गर | वणिक् |
| चतुर्दशीको | गर | वणिक् | | भद्रा | शकुनि |
| पूर्णिमाको | भद्रा | बव | अमावास्याको | चतुष्पाद् | नाग |

माथि वर्तमानकालको पञ्चाङ्गको उद्धरण दिई करण देखाइएका छन् । सो हेर्दा १ दिनमा २ वटा करण त अवश्य पर्छन्, परन्तु प्रायः १ दिनमा ३ वटा करण पर्छन्, कहिले कहिले त १ दिनमा ४ वटा करण पनि परेका देखिन्छन् ।

करण कहिले दिउँसो शुरू भई दिउँसै सिद्धिन्छ, कहिले दिउँसो शुरू भई राति सिद्धिन्छ, कहिले राति शुरू भई राति नै सिद्धिन्छ, कहिले राति शुरू भई दिउँसो सिद्धिन्छ भन्ने कुरो पनि त्यताबाट देखिन्छ । यति भन्नाको तात्पर्य फलानो तिथिमा फलानो करण दिउँसै पर्छ अथवा राति नै पर्छ भन्ने नियम छैन भन्ने स्पष्ट हुन्छ भन्ने हो ।

परन्तु अथर्ववेदज्यौतिषको यहाँ उद्धरण गरिएको वचनअनुसार बनेको सारणीमा फलानो तिथि परेको दिन दिउँसो फलानो करण पर्छ, राति फलानो करण पर्छ भनी स्पष्टसँग लेखिएको छ ।

यहाँनिर एउटा अर्को कुरा पनि विचारणीय छ । वर्तमान प्रणालीअनुसार फलानो फलानो तिथिको पूर्वार्द्धमा पर्छन् भनेका करण जति अथर्ववेदज्यौतिषको सारणीअनुसार तिनै तिनै तिथि परेका दिन दिउँसो पर्छन् भनी लेखिएको छ, तिथिको उत्तरार्द्धमा पर्ने करणचाहिँ राति पर्छन् भनी लेखिएको छ । यस कारण तिथिको पूर्वार्द्ध दिउँसो र उत्तरार्द्ध राति पर्दो रहेछ भन्ने सङ्केत पाइन्छ ।

यस कारण सूर्योदय भएदेखि सूर्यास्त नभएसम्म तिथिको पूर्वार्द्ध र सूर्यास्त भएदेखि सूर्यको अर्को उदय नभएसम्म तिथिको उत्तरार्द्ध हुँदो रहेछ भन्ने सङ्केत वर्तमानकालमा चलेको करणको सारणी र अथर्ववेदज्यौतिषको वचनअनुसार बनेको करणको सारणीलाई भिडाउँदा स्पष्टसँग थाहा पाइन्छ ।

अघिल्लो सूर्योदयदेखि त्यसको लगत्तै आउने अर्को सूर्योदयसम्मको काल परेवा, द्वितीया आदि तिथि हुँदा रहेछन् भन्ने कुरो पनि यताबाट स्पष्ट हुन आउँछ । सिद्धान्तकालका ज्योतिषीहरूले गरेको सावन-दिनको परिभाषासँग[१०] अथर्ववेदज्यौतिषको प्रतिपद्, द्वितीया आदि तिथिको परिभाषा मिल्छ भन्ने कुरो यताबाट देखिन्छ ।

वेदाङ्गज्यौतिषको अर्थ गर्ने बाटो यो हो । वेदाङ्गज्यौतिषका व्याख्याताहरूले यस बाटोबाट हिँडे जस्तो देखिँदैन । यस विषयमा विस्तारपूर्वक पछि लेखिनेछ ।

(यस निबन्धलाई तयार गर्दा रामजी तेवारी, देवीप्रसाद भण्डारी, महेशराज पन्त तथा दिनेश-राज पन्तले मेरो इच्छा र विचारअनुसार काम गरिदिएका छन् । सबैलाई यथोचित धन्यवाद छ ।)

❋

---

१०. इनोदयद्वयान्तरं तदर्कसावनं दिनम् ।
तदेव मेदिनीदिनं ... ॥२०॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार कालमानाध्याय)

[सूर्यको एक उदयदेखि लगत्तै अर्को उदयसम्मको काल अर्थात् आज बिहान पूर्व क्षितिजमा उदाएका सूर्य लगत्तै भोलिपल्ट बिहान फेरि पूर्व क्षितिजमा उदाउन आइपुग्दासम्मको समयलाई सूर्यसावनदिन भन्छन् । पृथ्वीमा चलेको दिन (कुदिन) भनेको पनि त्यही हो । सूर्यसावनदिनलाई छोट्करीमा 'सावनदिन' मात्र पनि भन्छन् ।]

(वि. सं. २०२८ मा प्रकाशित पूर्णिमा २५ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिको अनुवाद भन्ने निबन्ध, सो अङ्कको १८ पृ.)

# फर्पिङको ऋङ्केश्वरीमूर्तिको प्राचीनताको विषयमा

–महेशराज पन्त

डा. प्रतापादित्य पालले आफ्नो दि आर्ट्स् अफ् नेपाल् (नेपालका कला) नामक ग्रन्थमा फर्पिङको ऋङ्केश्वरीमूर्तिको समयको विषयमा यस्तो लेख्नुभएको छ–

स्टाइलिस्टिक्अल्लि, दे आर् कम्पेर्एब्ल् ट द ऋङ्केश्वरी अफ् ए. डी. १४०७ (फिग्. ३६), डेड्इकेट्इड् सम् ट्वेन्टि यर्ज् बिफोर् दि याक्सेस्अन् अफ् यक्षमल्ल ।

[वि. सं. २०३१ मा हल्यान्डको लिडेनबाट ई. जे. ब्रिलद्वारा प्रकाशित, प्रतापादित्य पालको दि आर्ट्स् अफ् नेपाल् (नेपालका कला) को १३४ पृष्ठ]

[यी मूर्तिको शैली यक्ष मल्ल राजा हुनुभन्दा २० वर्ष जतिअघि वि. सं. १४६३ मा बनाइएको ऋङ्केश्वरीको मूर्ति (३६ सङ्ख्याको चित्र)सँग दाँज्न सकिन्छ ।]

३६. ऋङ्केश्वरी, फर्पिङ, ए. डी. १४०७.

(१७८ पृष्ठ)

[ ३६. वि. सं. १४६३ मा बनाइएको फर्पिङको ऋङ्केश्वरीको मूर्ति ]

३६. ऋङ्केश्वरी, फर्पिङ, ए. डी. १४०७.

(३६ चित्र)

[ ३६. वि. सं. १४६३ मा बनाइएको फर्पिङको ऋङ्केश्वरीको मूर्ति । ]

वि. सं. १४६३ को धर्म मल्लको पालाको फर्पिङको शिलालेखमा ऋङ्केश्वरीको उल्लेख आएको देखेर[१] डा. प्रतापादित्य पालले ऋङ्केश्वरीको मूर्तिको कालनिर्धारण गर्नुभएको अनुमान हुन्छ । तर फर्पिङकी ऋङ्केश्वरीको उल्लेख वि. सं. १३६१ मा सारिएको अगस्त्यसंहिता भन्ने पुस्तकको पुष्पिकावाक्यमा पनि आएको छ–

---

१. वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कका २९४–३०८ पृष्ठमा छापिएको चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक भन्ने मेरो निबन्ध । सो निबन्धको ६ सङ्ख्याको टिप्पणी, सो अङ्कका २९८–२९९ पृष्ठ ।

स्वस्ति श्रीनेपालिकसंवत् ४५५ फाल्गुनशुक्लत्रयोदश्यां बुधवारे फणपीगुमहानगरे परमभटारके इत्यादिराजावली अद्येह श्रीमत्प्रौढप्रतापचक्रवर्त्तिनेपालसकलभुवनाधिपति... महामायाफ्कंकेश्वरीवरलब्धराज्यं करोति ... शुलंकीवंशाधिपतिशर्पश्रीमहाराउत्तश्रीजैत-सिंहदेवानां विजयराज्यं ।।

[वीरपुस्तकालय चौथो ३२५ सङख्याको अगस्त्यसंहिता । यो पुष्पिकावाक्य वि. सं. २०२० मा वीरपुस्तकालयद्वारा प्रकाशित, कृष्णप्रसाद भट्टराईद्वारा सम्पादित अगस्त्यसंहिता रत्नपरीक्षा च (अगस्त्यसंहिता र रत्नपरीक्षा) भन्ने पुस्तकको अगस्त यसंहिताखण्डको ४० पृष्ठमा र वि. सं.२०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को १ भागका ४०६–४१० पृष्ठमा छापिएको छ ।]

[ कल्याण होओस् । ने. सं. ४५५ (वि. सं.१३९१) फाल्गुनशुक्ल त्रयोदशी बुधवारको दिन ठूलो शहर फणपीगु (फर्पिङ) मा परमभट्टारक इत्यादि राजप्रशस्ति भएका, ठूलो प्रतापले गर्दा चक्रवर्ती भएका, सबै नेपालमण्डलका मालिक, भगवती फ्कङ्केश्वरीको वरबाट राज्य गरेका, शुलंकी वंशका मालिक, अधिकार भएका, महाराउत्त जयजैतसिंहको विजयराज्यमा ।]

फ्कङ्केश्वरीको उल्लेख स्थिति मल्ल (वि. सं. १४३७–१४५२)[२] को पालामा फर्पिङमा खेलाइएको रामायण नाटकमा पनि परेको छ[३] ।

यस कारण वि. सं. १४६३ भन्दा ७२ वर्षअगाडि पनि फर्पिङमा फ्कङ्केश्वरीको अस्तित्व देखिएकोले फर्पिङको फ्कङ्केश्वरी मूर्तिलाई वि. सं.१४६३ को भनी डा. प्रतापादित्य पालले लेख्नुभएको अशुद्ध ठहर्छ ।

# रण मल्ल के नाथल्लदेवीका पति हुन् ?

– महेशराज पन्त

हरप्रसाद शास्त्रीले पाण्डवविजय नाटकको आधारमा रण मल्ललाई नाथल्लदेवीका पति भनी लेखेका छन् –

२. वि. सं. २०१६ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास-संशोधनको प्रमाण–प्रमेय मूल भागका ३२–३३, ३६–३८ पृष्ठ ।

३. पूर्णिमा ३६ अङ्कका २९६–२९८ पृष्ठ ।

**पाण्डवविजय , पो. १९ यान्ड् ११५, नो. ६९४ ख, बाइ जयरण मल्ल देव, द हज्बन्ड् अफ् नाथल्ल देवी, द राइट्फुल् एर् ट द थ्रोन् अफ् नेपाल् यान्ड् द सन् अफ् विजय मल्ल (सी हिस्टर्इकल् प्रिफेस् बाइ प्रफ्. बेन्डल्) ।**

[वि. सं. १९६२ मा कलकत्ताबाट प्रकाशित, हरप्रसाद शास्त्रीको अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सेलेक्ट्इड् पेपर् म्यानयुस्क्रिप्ट्स् बिलङ्इङ ट द डरबार् लाइब्रेरि, नेपाल् ( नेपाल राजकीय पुस्तकालयमा रहेका, ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को १ भागको भूमिकाको ३७ पृष्ठ ]

[नाथल्लदेवीका पति, नेपालको गद्दीका हकवाला, विजय मल्लका छोरा जयरण मल्लदेव[1] (प्रा. बेन्डलको ऐतिहासिक भूमिका हेर्नू)ले बनाएको ६९४ ख सङ्ख्याको पाण्डवविजय-को विषयमा १९ र ११५ पृष्ठमा लेखिएको छ ।]

सेसिल बेन्डलले पनि रण मल्ललाई नाथल्लदेवीका पति भनी लेखेका छन् –

**जयरण – मल्ल....**

**वाइफ्ः नाथल्लदेवी**

**सन्ः विजयमल्ल**

[हरप्रसाद शास्त्रीको सूचीपत्रको १ भागमा गाभिएको सेसिल बेन्डलको हिस्टर्इकल् इन्ट्रडक्शन् (ऐतिहासिक परिचय) को ३० पृष्ठ]

[जयरण मल्ल
पत्नी – नाथल्लदेवी
छोरा – विजय मल्ल ]

सेसिल बेन्डलले रण मल्ललाई नाथल्लदेवोका पति मानेको देखिन्छ, तर शास्त्रीले रण मल्ललाई विजय मल्लका छोरा भनी मानेकोमा बेन्डलले विजय मल्ललाई रण मल्लका छोरा भनी मानेको देखिन्छ ।

वालचन्द्र शर्माले बेन्डलकै पछि लागी पाण्डवविजय नाटकको आधारमा यस्तो लेखेका छन् –

**काठमाण्डू – दरबार – लाइब्रेरीमा पाण्डवविजय नामक एक हस्तलिखित ग्रन्थ प्राप्त भएको छ । यसै ग्रन्थको उपसंहार भागमा यसका लेखक महाराज जय-**

१. रण मल्ल यक्ष मल्लका छोरा हुन् ( वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको १३२ पृष्ठ ।)

**रणमल्ल ( रणमल्ल ) को नाम पनि छ । यसैमा रणमल्लकी रानी नाथल्लदेवी र उनका कुमार विजयमल्लको नाम पनि भएकोले बनेपाका कमसेकम प्रथम राजाको ऐतिहासिक अस्तित्व सिद्ध हुन्छ...**

( वि. सं. २०२२ मा काशीबाट माधवप्रसाद शर्माद्वारा प्रकाशित बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखा दोस्रो संस्करणको १४३ पृष्ठ )

श्रीसूर्यविक्रम ज्ञवालीले पाण्डवविजयनाटकको आधारमा रण मल्ललाई नाथल्लदेवीका पति भनी लेख्नुभएको छ –

**यक्ष मल्लका मृत्यु पछी बनेपामा पनी रण मल्ल नामक इनका साहिँला छोराले आफ्नो यौटा स्वतन्त्र राज्य स्थापित गरेको कुरा चाल पाइयेको छ। इनले लेखेको पाण्डवविजय नामक यौटा नाटक पनी पाइयेको छ । [सूची–भाग १, पृ॰११५–११६] तेस बाट इनकी रानीको नाउँ नाथल्ल देवी तथा छोराका नाम विजय मल्ल भएको कुरा चाल पाइन्छ ।**

(वि. सं. २०१६ मा काठमाडौँबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित सूर्यविक्रम ज्ञवालीको नेपाल उपत्यकाको मध्यकालीन इतिहासका १०१–१०२ पृष्ठ )

**पाण्डव विजय नाटक ( सभापर्व नाटक ) – यो नाटक यक्ष मल्लका छोरा रण मल्लले लेखेको हो । श्रीमता श्री श्रीजयरणमल्लदेवेन राज्ञा स्वयं निर्माय गीतवाद्य ········) महाभारतान्तर्गत सभापर्वका विषयका आधारमा यो नाटक रचना गरियेको हुनाले यसको अर्को नाउँ सभापर्व नाटक पनी परेको हो। यसका रचयिता रण मल्लकी रानीको नाउँ नाथल्ल देवी तथा छोराको नाउँ विजय मल्ल भयेको कुरा तल सारियेको श्लोक बाट चाल पाइन्छ !**

**नाथल्लदेवी रमणो भुवनप्रसिद्धः कीर्तिप्रभाधवलिताखिलदिग्विभागः ।**
**प्रत्यर्थिवीरकुमुदाकरचण्डरोचिः संराजते विजयमल्लकुमारकोऽयम् ।।**

**यो नाटकको रचनाकाल यसमा न लेखियेको भये तापनी तेसको अनुमान गर्नु गाहारो छैन । रण मल्लका पिता यक्ष मल्लको मृत्यु सन् १४७८ ई० मा भयेको हो । पिताकी मृत्यु पछी रण मल्ल बनेपामा स्वतन्त्र राज्य स्थापित गरी बसेका थिये । यो कारण यो नाटक पन्दरहौं शताब्दी**

**न सकिंदै सन् १४७८ ई० पछी कुनै समयमा लेखियेको होला भन्ने अनुमान हुन्छ[२]... ।**

(नेपाल उपत्यकाको मध्यकालीन इतिहासको २२७ पृष्ठ)

हामीले पनि पाण्डवविजयनाटकको आधारमा रण मल्ललाई नाथल्लदेवीका पति भनी लेखेका थियौं–

**नाथल्लदेवीचाहिं रणमल्लकी पत्नी हुन् । ...यो कुरा तलका प्रमाणबाट सिद्ध हुन्छ–...**

**"भूप: श्रीरणमल्लदेवगुणवान् पुण्येन संवर्द्धितो**
**भाति स्म भुवि मण्डले च विजयी श्रीराजनीत्या पुन: ।...**

**अपि च । नाथल्लदेविरमणो भुवने प्रसिद्ध: ..."**

**(वीरपुस्तकालयमा रहेको पाण्डवविजयनाटकबाट । बृहत्सूचीपत्र तेस्रो भागको २९ पृष्ठमा यो छापिएको छ ।)**

**[गुणी धर्मात्मा राजा श्रीरणमल्लदेव राजनीतिले पृथ्वीमा विजयी भई रहनुभएको छ । नाथल्लदेवीका पति (रणमल्ल) संसारमा प्रसिद्ध हुनुहुन्छ । ]**

(वि. सं. २०२२ फूलपातीमा संशोधन–मण्डलबाट रचित तथा प्रकाशित इतिहास–संशोधन ६१ क्रमागत सङ्ख्याका ३–४ पृष्ठ )

---

२. श्री सूर्यविक्रम ज्ञवालीले यहाँ ई० सं. १४७८ (वि. सं. १५३५) मा यक्ष मल्लको मृत्यु भयो भनी लेख्नुभएको छ । तर सोही पुस्तकमा अर्को ठाउँमा ई० सं. १४८२ (वि. सं. १५३८) मा यक्ष मल्लको मृत्यु भयो भनी लेख्नुभएको छ–

**यक्ष मल्ल सम्बन्धी यो अध्याय समाप्त गर्नु भन्दा अघी इनको मृत्यु वर्ष पनी निर्णय गर्नु उचित छ ··· म संग भयेको यौटा वंशावलीमा ने० सं० ६०२ १४८२ ई० मा इनको मृत्यु भयो भनी लेखियेको छ । सबै थोक विचार गर्दा यो साल नै इनको मृत्यु वर्ष मान्नु उचित ठहरिन्छ ।**

(६२–६३ पृष्ठ)

श्रीसूर्यविक्रम ज्ञवालीको यस लेखाइको विषयमा संशोधन–मण्डलद्वारा वि. स. २०२३।२।१।७ मा प्रकाशित नेपालका बुद्धिजीवीहरूले विचार गर्नुपर्ने कुरामा चर्चा गरिएको छ । वास्तवमा यक्ष मल्लको मृत्यु वि सं. १५३८ मा भएको हो (इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको १४७ पृ ) ।

श्रीसाफल्य अमात्यले पाण्डवविजयनाटकको आधारमा रण मल्ललाई नाथल्लदेवीका पति भनी लेख्नुभएको छ –

**बनेपा राज्यका सर्वप्रथम राजा रण मल्ल विद्वान् एवं गान विद्याका रसिक थिए। उनले "पाण्डव विजय" नामक नाटक लेखी नचाएका थिए। यो हस्तलिखित ग्रन्थ अझै नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ। उक्त नाटकमा रण मल्लकी रानीको नाउँ नाथल्ल देवी र छोराको नाम विजय मल्ल भनी उल्लेख गरेको पाइन्छ ...**

(वि. सं. २०३४ जेठ १ गतेको गोरखापत्रका ५, ८ पृष्ठमा छापिएको साफल्य अमात्यको पनौतीको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि भन्ने निबन्ध। यो निबन्ध पछि पुरातत्त्वविभागको मुखपत्र प्राचीन नेपालका वि. सं. २०३१ माघ –२०३४ वैशाखको ३०–३९ अङ्कका १०९–११२ पृष्ठमा पनि छापिएको छ।)

यसरी धेरैजसा ऐतिहासिकहरूले पाण्डवविजय नाटकको आधारमा रण मल्ललाई नाथल्लदेवीका पति भनी लेखेको देखिन्छ।

तर सो नाटकमा नाथल्लदेवीको पतिका रूपमा रण मल्लको बयान गरिएको छैन। जस्तै–

**यदहमादिष्टोऽस्मि निखिलसामंतचक्रचूडामणिमरी(चिमञ्जरीर्चचित)-चरणकमलेन सकलगान्धर्वविद्यागुणरत्नाकरेण अष्टदिग्विलासिनीकर्णपूरीकृतकीर्तिपल्लवेन दिनकरकुलपंकेरुहविकाशनैकभास्क(रेण नेपालम)ण्डलेश्वर-वीरनारायणावतारेण श्रीमता श्रीश्रीजयरणमल्लदेवभूपालेन ॥**

**य एषः ॥**

**लोके ख्यातिमहीश्वरो नृपगणैः संसेव्यमानोऽनिशं**
**वीरारातिकरीन्द्रदर्प्पविजितः(विजये) पंचाननोयं बली।**
**भूपः श्रीरणमल्लदेवगुणवान्पुण्येन संवर्द्धितो**
**भाति स्म भुवि मण्डले च विजयी श्रीराजनीत्या पुनः ॥**

**अये विविधगुणालंकृतपरिवृढस्यातिमनोहरा परिषदियं पुरतः ॥**
**यस्यामसौ जयतु माधवमल्लदेवस्तस्यानुजो नृपतिकेशवमल्ल एषः ॥**
**व्याकोषतामरससुन्दरवक्त्रचन्द्रः प्रह्लादिताखिलसमस्तजनो विभाति ॥**

**अपि च ॥**

**नाथल्लदेविरमणो भुवने प्रसिद्धः कीर्तिप्रभाधवलिताखिलदिग्विभागः।**

प्रत्यर्थिवीरकुमुदाकरचण्डरोचिः संराजते विजयमल्लकुमारकोयं ।।

तथा हि ।।

अन्यैरपि सहामात्यैः कुमारैर्गुणवत्सलः ।
सोत्सुकैर्भारतस्यापि चरित्रश्रवणे नृपैः ।।

[हरप्रसाद शास्त्रीको सूचीपत्रको १ भागको ११५ पृष्ठ र वि. सं. २०१९ मा वीरपुस्तकालयबाट सम्पादित तथा प्रकाशित नेपालराजकीयवीरपुस्तकालयस्थलिखितपुस्तकानां बृहत्सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) को ३ भागको २९ पृष्ठबाट माथिको उद्धरण सारिएको हो । वीरपुस्तकालयको सूचीपत्रमा हरप्रसादको सूचीपत्रमा भन्दा बढी भाग छापिएको छ । ]

[सबै सामन्तहरूले शिरमा लाएको जुहारातको टक चरणकमलमा परेका, सबै गान्धर्वविद्याका गुणका समुद्र, कीर्तिलाई आठै दिशारूपी स्त्रीहरूको कानको गहना बनाएका, सूर्यवंशरूपी कमल फुलाउने सूर्य, नेपालमण्डलेश्वर, वीरनारायणका अवतार, श्रीमान् श्रीश्रीजयरण मल्लदेव राजाबाट मलाई आज्ञा भएको छ । लोकमा नाउँ चलेका राजा, राजारजौटाहरूले रातोदिन सेवा गरिएका, वीर शत्रुरूपी मत्ता हात्तीको घमण्ड तोड्ने सिंह, बलिया, गुणी, पुण्यद्वारा बढिबढाउ भएका यहाँ राजा श्रीरण मल्लदेव पृथ्वीमण्डलमा राजनीतिद्वारा विजयी भइरहनुभएको छ ।

ए, थरीथरीका गुणले सिँगारिएका राजाको ज्यादै राम्रो भारादारी सभा अघिल्तिर छ । जुन भारादारी सभामा रहनुभएका यहाँ माधव मल्लदेवको जय होस् । उहाँका भाइ, फुलेको कमल र चन्द्रमा जस्तो मुहार भएका, सबै मानिसलाई आनन्द दिने यहाँ श्रीकेशव मल्लदेव सुहाइरहनुभएको छ । नाथल्लदेवीका पति, संसारमा नाउँ चलेका, कीर्तिको चहकले सबै दिशालाई सेतो पारेका, वीर शत्रुरूपी राति फुल्ने सेतो कमलको उपर सूर्य, यहाँ कुमार विजय मल्ल सुहाइरहनुभएको छ ।

महाभारतको कथा सुन्न चौचौ परेका अरू अरू कुमार, राजा रजौटा र मन्त्रीहरूसँग गुण मन पराउने राजा सभामा बस्नुभएको छ ।]

( वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक भन्ने मेरो निबन्धमा यस अनुवादका धेरै अंश परेका छन् । सो अङ्कको ३०७ पृष्ठ )

यताबाट नाथल्लदेवीका पति रण मल्ल होइनन्, विजय मल्ल हुन् भन्ने स्पष्ट हुन्छ ।

# दलसुर थापा र सोभासिं थापाले

## भीमसेन थापालाई वि. सं. १८९३ मा लेखेको पत्र[1]

–रामजी तेवारी

श्री

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्ट राजभारोद्धारणसामरथ श्रीश्रीश्री ६[2] जनरल कम्यांडरइनचिफ भेमसेन थापा साहेवका चरणतल दलसुर थापा सोभासि थापाको कोटि कोटि सष्टांग सेवासतपूर्वकपत्रमिदं.

ञांहा निक. चरण कुसल मंगल भया हाम्रो सर्व बातको उद्धार पालना होला. आगे ञांहाको समाचार भलो छ.

उप्रान्त पुसका दिन २४ जादो सिवाना मेचिमा आइपुगिउ भन्न्या लेषि चढायाको हो.

---

१. यो पत्र मेरो सङ्ग्रहमा छ ।

यस पत्रको अलिकता भाग वि. सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा सम्पादित गल्लीमा पर्याँकिएका कसिङ्गरको दाइ नयराज पन्तद्वारा विरचित विस्तृत उपोद्घातको १११ पृष्ठमा छापिएको छ ।

२. श्रीशब्बाः गुरुपादपद्मयुगले लेख्या बुधैः षट् तथा
पञ्च श्रीनृपतीन्द्रमौलिचरणे देयाः स्वभृत्यावलौ ।
श्रीशब्दद्वयमेव लेख्यमहितग्रामे चतुष्कं श्रिया
मित्रे श्रीत्रयमेव देयमनिशं ह्येकं स्वपुत्रस्त्रियोः ॥२०॥

[जान्ने मानिसले गुरुलाई लेख्दा छवटा श्री लेख्नू । राजालाई लेख्दा पाँचवटा श्री लेख्नू । आफ्ना कामदारहरूलाई लेख्दा दुइवटा श्री लेख्नू । शत्रुलाई लेख्दा चारवटा श्री लेख्नू । साथीलाई लेख्दा तीनवटा श्री लेख्नू । स्वास्नी छोराछोरीलाई लेख्दा एउटा श्री लेख्नू ॥२०॥]

(वि. सं. २०२२ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपालराष्ट्रियपुस्तकालयद्वारा प्रकाशित नयनाथ पौडेलद्वारा सम्पादित तथा अनूदित वाणीविलास पाँडेको प्रशस्तिरत्नावलिका ९, ४३ पृष्ठ)

यही नियमअनुसार दलसुर थापा र सोभासिं थापाले भीमसेन थापालाई मान्यजन सम्झी श्री ६ लेखेका हुन् । यही नियमअनुसार राजालाई श्री ५ लेखेको हो ।

सिवानाका अर्थलाई हाम्रातरफका लाप्च्या[३] पनि सुषिम्यातरफका लाप्च्या पनि दोहोरा गुहाइ[४] गुजारि[५] कलकत्ता बडासाहेब[६]संग जान्छ[७]. जो उत्तर आउला. योचाहि कुराको षसोषास श्रीसर्दार अमीन्[८] लेफटेनका चिठिले जाहार होला.

---

३. लाप्चा जातिको बसोबास इलाम र सुखिममा छ । लाप्चा जातिको परिचय वि. सं. २०३१ मा श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित मेचीदेखि महाकालीनामक पुस्तकको पहिलो भागका १६९–१७२ पृष्ठमा छ ।

४. गुहाइ (फारसी, गवाही) = साक्षी ।

५. गुजारि (फारसी, गुजारिश) = निवेदन ।

६. वि. सं. १८९२ देखि १८९८ सम्म भारतमा गभर्नर जनरल अकल्यान्ड थिए । (वि. सं. २०१८ मा मैकमिलन कम्पनी लिमिटेडद्वारा प्रकाशित रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी र कालिकिङ्कर दत्तद्वारा अङ्ग्रेजीमा रचित योगेन्द्र मिश्रद्वारा हिन्दीमा अनूदित भारत का बृहत् इतिहास तृतीय भागको ४८२ पृष्ठ)

यो चिठी लेखेताक भारतमा यिनै गभर्नर जनरल थिए । यस चिठीमा बडा साहेब भनेको यिनै गभर्नर जनरललाई हो ।

७. नेपाल र अङ्ग्रेजको बीच वि. सं. १८७२ मार्ग १९ गते शनैश्चरवार भएको सुगौली सन्धिको छैटौं प्रक्रम–

नेपालले सुखिमको राज्यमा कहिल्यै पनि हमला गर्नेछैन । कदाचित् नेपाल र सुखिमका अधिकारीको बीचमा वा दुनियाँहरूको बीचमा झगडा पर्न आयो भने अङ्ग्रेजसरकारको मध्यस्थता-बाट सो झगडा मिलाइनेछ भनी नेपालका राजा स्वीकार गर्नुहुन्छ ।

[संशोधनमण्डलको सङ्ग्रहमा रहेको पाको कागजको हस्तलिखित वंशावलीका ३६०–३६१ पृष्ठ, संशोधन-मण्डलको सङ्ग्रहमा रहेको काँचो कागजको हस्तलिखित वंशावलीको १६१ पृष्ठ, वि. सं. २०१२ मा दिल्लीबाट आत्माराम एण्ड संसद्वारा प्रकाशित काशीप्रसाद श्रीवास्तवको नेपाल की कहानीको २४६ पृष्ठ, वि. सं. २०२२ मा काशीबाट प्रकाशित योगी नरहरिनाथद्वारा सम्पादित सन्धिपत्रसङ्ग्रहको–९० पृष्ठ, वि. सं. २०३० मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल २४ अङ्कको २२ पृष्ठ, वि. सं. २०३१ मा दार्जिलिङ्गबाट नेपाली साहित्य परिषद्द्वारा प्रकाशित ईमानसिंह चेमजोंगको किरातकालीन विजयपुरको संक्षिप्त इतिहासका १९३–१९४ पृष्ठ]

नेपाल र सुखिमको सिमानामा गडबड परेको हुनाले सो गडबड मिलाउन यही सन्धिअनुसार नेपालतरफका र सुखिमतरफका लाप्चा साक्षी भई कलकत्ता बडासाहेबकहाँ गएका हुन् ।

८. अमीन् (अरबी, अमीन) = नापीको काम गर्ने ।

औ जलपैगढि[९]को राजा सर्वदेव राइ[१०]को मुन्सी[११] कालुमिश्रां भन्याको म काठमाडौ जान भनि आज्ञांथ्यां. **श्री ५ महाराजा**[१२]**का हजुरमा**[१३] चढाउनलाई अर्जि[१४] १ अवलष्[१५] हाप्सि[१६] टागन्[१७] १ गैंडाको षाग्[१८] १ कपडा थान् १ र चरनलाई[१९] सन्जाप्[२०] हाप्सि टागन् १ अर्जि २ गरि आयाको रहेछ. एहि कम्पनि[२१]को जगा[२२] नजरपूरमा बिराम भयेछ र हामिछेउ इ अर्जि **श्रीजनरल कम्यांडरइन्चिफ** साहेवका चरणमा पुगन्या रमना[२३] गरिदेउ. मलाइ आराम भयापछि षाग घोडा कपडा लि जाला भन्छ. यो मुन्सि भन्या हिजो कप्तान् हरिभक्तका पालामा नजरपूर जिल्ला ६५०१ मा लियाको हो. जगाको वाजबि[२४] नहेरि काम पर्न जादा एस्तो गाफिलि[२५] पऱ्याको हो. अव र **श्रीदरबारमा** जाई जगाको जाचमा जो ठहर्छ. जाचका दोबरको बिन्ति

---

९. भारतको पश्चिम बङ्गालको एक प्रदेश जलपाइगढी हो। दार्जिलिङबाट केही दक्षिणमा जलपाइगढी छ। नेपालराज्यको विराटनगरबाट ४० कोस जति पूर्वमा जलपाइगढी पर्छ।

१०. यो चिठी लेखेको वेला (वि. सं. १८९३ मा) जलपाइगढीमा सर्वदेव राई राजा रहेछन्। यी सर्वदेव राई अङ्ग्रेजका सामन्त होलान्। यिनको परिचय मैले अहिलेसम्म पाउन सकेको छैन।

११. मुन्सी (अरबी, मुन्शी) = लेखापढी गर्ने मानिस।

१२. श्री ५ महाराजा = श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाह।

१३. पत्रको शिरोभागमा लेखे जति यहाँ ठूलो अक्षरमा छापिएका छन्।

१४. अर्जि (अरबी, अर्जी) = बिन्तीपत्र।

१५. अवलष् (अरबी, अबलक) = सेतो कालो रङ भएको घोडा।

१६. हाप्सि (अरबी, हबशी) = कालो रङ भएको ?।

१७. टागन् = होचो जातको घोडा।

अवलष् हाप्सि टागन् = सेतो कालो रङ भएको होचो जातको घोडा।

१८. षाग् = गैँडाको नाक।

१९. चरनलाई = हजूरलाई (भीमसेन थापालाई)।

२०. सन्जाप् (फारसी, संजाफ) = एक प्रकारको घोडा।

सन्जाप् हाप्सि टागन् = कालो रङ भएको एक प्रकारको होचो जातको घोडा।

२१. कम्पनि = इस्ट इन्डिया कम्पनी।

२२. कम्पनिको जगा = इस्ट इन्डिया कम्पनीको राज्य (भारतको अङ्ग्रेजी राज्य)।

२३. रमना (फारसी, रवानः) = चलान।

२४. वाजबि (अरबी, वाजिब) = मुनासिब।

२५. गाफिलि (अरबी, गाफिल) = अबगाल।

गरि मुकरि[२६]को मोहोर[२७] गरि ल्या भनि मलाइ राजाले अह्रायाको छ भनि मुन्सि भन्छ[२८].अर्जि हुलाकमा हालि चढाइ पठायाको छ. अरु असबाप्[२९] उसैका संगम(ा)[३०] छ. एसलाइ ताहा आउन दिन्या हो कि आंहिबाट फिर्ता गरि दिन्या (हो). जो आग्या आउछ[३१].

ईति सम्वत् १८९३ साल मिति फालगुणवदी १४ रोज १[३२]

---

२६. मुकरि (अरबी, मुकर्ररी) = तोकिएको तिरो ।

२७. मोहोर (फारसी, मुह्र) = लालमोहर ।

२८. यो मुन्सि भन्या हिजो कप्तान् हरिभक्तका पालामा नजरपूर जिल्ला ९५०१ मा लियाको हो । जगाको वाजबि नहेरि काम पर्न जादा एस्तो गाफिलि पऱ्याको हो. अब र श्री-दरवारमा जाई जगाको जाचमा जो ठहर्छ. जाचका दोवरको बिन्ति गरि मुकरिको मोहोर गरि ल्या भनि मलाइ राजाले अह्रायाको छ भनि मुन्सि भन्छ.

यसको अर्थ अहिले मैले बुझेको छैन ।

२९. असबाप् (अरबी, असबाब) = सामान ।

३०. मूलपत्रमा फाटेको अक्षरमा ( ) कोष्ठ बिइएको छ ।

३१. दलसुर थापा र सोभासिं थापाले इलाम खलङ्गाबाट वि. सं. १८९३ फाल्गुन २४ गते भीमसेन थापालाई यो पत्र लेखेका हुन् । यस पत्रले यस वेला नेपालकी राजकाजमा भीमसेन थापाको कुन स्थान थियो तथा उनले कसरी एकाधिकार जमाई बसेका थिए भन्ने स्पष्टसँग देखाउँछ ।

नेपालको राजगद्दीमा यस वेला राजेन्द्रविक्रम शाह थिए । यस वेला उनी २३ वर्ष पुगिसकेका थिए तापनि उनीसँग अरू भारादारहरूको सोझो चिठीपत्र हुँदैनथ्यो । भीमसेन थापाद्वारा नै अरू भारादारहरूको राजासँग सम्पर्क हुन्थ्यो । यस कारण यहाँ जलपाइगढीका राजा सर्वदेव राईका मुन्शी (राजदूत) कालु मियाँ श्री ५ महा-राजाधिराजका हजूरमा चढाउनलाई बिन्तिपत्र १ टाँगन घोडा १ गैँडाको खाग १ कपडा थान १ लिई आएका रहेछन्, यिनलाई त्यहाँ आउन दिने हो कि यहीँबाट फिर्ता गरिदिने हो भनी दलसुर थापा र सोभासिं थापाले भीमसेन थापासँग साधेका हुन् ।

३२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८९३ फाल्गुनकृष्ण

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| फाल्गुन २४ | आदित्य | १३ | ० | १५ |
| | | १४ | ५४ | ४४ |

(पात्रोबाट)

मुकाम[३३] इलाम थलंगा[३४] शुभम्.

ooo

# विद्वच्छिरोमणिपदवीको लालमोहर

—नयराज पन्त

मैले आफ्नो जीवनको धेरै भाग लेखपढ गर्ने काममा नै बिताएँ । अहिले पूरा ६४ वर्ष म भएँ । त्रिभुवन-विश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको सहायता पाई देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिली मैले सुमति-तन्त्रको सम्पादन गरेँ । त्यसको पहिलो भाग त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रबाट छापाखानामा गएको छ । अरू भाग पनि छापाखानामा जाँदैछन् । त्यो पुस्तकको सम्पादन गर्न केसरपुस्तकालयमा रहेका सुमतिसिद्धान्त तथा सुमतिकरणनामक ताडपत्रमा लेखिएका पुस्तक पनि हेर्नु आवश्यक भयो र केसरपुस्तकालयमा पनि म गएँ ।

वि. सं. २००७ को परिवर्तन हुनुभन्दा अगाडि लाठसाहेब (पहिले द. क. ज., अनि. पू. क. ज., अनि लाठ—

३३. मुकाम (अरबी) = वासस्थान ।
३४. थलंगा = किल्ला (ब्यारेक) ।

वि. सं. १९८८ मा लन्डनबाट केगन पल, ट्रेन्च, ट्रब्नर यान्ड कम्पनी लिमिटेडद्वारा प्रकाशित राल्फ लिल्ली टर्नरको अ कम्पेर्अटिभ् यान्ड् एट्इमोलज्इकल् डिक्शन्अरि अफ् द नेपाली ल्याङग्विज् (नेपाली भाषाको तुलनात्मक र निरुक्तिसहितको कोश), काशीबाट भार्गव बुक डीपोद्वारा प्रकाशित रामचन्द्र पाठकको भार्गव आदर्श हिन्दी शब्दकोश, वि. सं. २००४ मा बम्बईबाट हिन्दी–ग्रन्थ–रत्नाकर कार्यालयद्वारा प्रकाशित रामचन्द्र वर्माको देवनागरी उर्दू हिन्दी कोशको तेस्रो संस्करण, वि. सं. २००७ मा नेपाली भाषा–प्रकाशिनी समितिद्वारा प्रकाशित रामचन्द्र ढुङ्गानाको संक्षिप्त नेपाली कोश, वि. सं. २०२९ मा लखनऊबाट हिन्दी समितिद्वारा प्रकाशित मुहम्मद मुस्तफा खाँ 'मद्दाह'को उर्दू-हिन्दी शब्दकोशको दोस्रो संस्करण, वि. सं. २०३२ मा बिराटनगरबाट नेपाली साहित्य भण्डारद्वारा प्रकाशित हर्षनाथ शर्माको बृहत् नेपाली शब्दकोशको दोस्रो संस्करणका आधारमा यस लेखमा शब्दका अर्थ दिइएका छन् ।

साहेब) केसरशमशेरको दरबारमा सामान्य पण्डितको हैसियतले म गएको थिएँ[१] । त्यस वेला तल्लो तलाबाटै उहाँको

---

१. वि. सं. १९९७ माघमा म रानीपोखरीसंस्कृतपाठशालाको पण्डित भएको हुँ । ३।रु. दक्षिणा पाउने लम्बरी पण्डित म वि. सं. १९९८ वैशाखमा श्री ३ जुद्धको जन्मोत्सवको दिन भएको हुँ । वि. सं. १९९८ को भदौ असोजतिर खरीदार (पछि ऐतिहासिकशिरोमणि) बाबुराम आचार्यले जनैपूर्णिमामा तिमी कहाँ कहाँ गयौ भनी प्रशङ्गवश सोध्नुभयो । मावलीमा म बसेकै छु, ससुरालीमा गएँ, नारायणहिटीदरबारमा गएँ, सिंहदरबारमा गएँ भनी मैले भनें । तिमी चीफसाहेबकहाँ गएनौ, चीफसाहेबकहाँ पूरा दक्षिणा दिन्छन्, त्यहाँ सबै पण्डित जान्छन्, त्यहाँ गए नगएको विचार हुन्छ, त्यहाँ जानुपर्छ, यस पालि जे भयो, भयो, आघुँदेखि जानू भनी खरीदार बाजेले सल्लाह दिनुभयो । वि. सं. १९९९ देखि चीफसाहेब पद्मशमशेरकहाँ जनैपूर्णिमामा म जान लागें । परन्तु पण्डितको डफफामा मिली गए दर्शन पाइन्थ्यो, नभए दर्शन मिल्दैनथ्यो । पण्डितहरूले १ बस लिएका थिए । सो बसमै बसी जानुपर्ने भयो । यस कारण बस चढी म पनि जान लागें । बस चढ्नु मेरो शरीरको लेखा कष्टकर थियो तापनि भोको पेट हुँदा बान्ता हुँदैनथ्यो, भइहाले तापनि अलिकता हुन्थ्यो । पण्डितजीहरूको विचार ४ कम्याण्डिङ जनरलकहाँ पनि जाने रहेछ । यही प्रसङ्गमा प. क. ज. (लाठसाहेव) मोहनशमशेर, पू. क. ज. बबरशमशेर, द. क. ज. केसर-शमशेरकहाँ म पुगें । उ. क. ज. बहादुरशमशेर (उहाँ भारत गएको नेपाली सैन्यको अधिकारी भएर जानुभएकोले यहाँ नहुनाले हो कि, किन हो) कहाँ गए जस्तो लाग्दैन । यस क्रममा जनैपूर्णिमामा बर्सेनि एकपल्ट केसरशमशेरलाई रक्षा बाँध्न म गएको छु । केसरशमशेरजीको इतिहासप्रेम पनि त्यस प्रसङ्गमा मैले सुनें । श्रीगुरु सोमनाथ सिग्द्याल रक्षा बाँध्दै हुनुहुन्थ्यो ।

येन बद्धो बली राजा दानवेन्द्रो महाबल: ।
तेन त्वां प्रतिबध्नामि रक्षे मा चल मा चल ।।

पढ्दा बलि राजा भनेका आर्य हुन् वा अनार्य हुन् भनी केसरशमशेरले प्रश्न गर्नुभयो । पण्डितजीहरूले मुखा-मुख गर्नुभयो । दुइ चार दिनसम्म पण्डितसमाजमा यो कुराको चर्चा चलिरह्यो । आआफ्नो विचारका उत्तर केहीले दिए । निश्चित उत्तर आएन ।

श्री ३ चन्द्रहरू टीकामा लम्बरी पण्डितहरूलाई टीका लगाई दक्षिणा दिनुहुन्थ्यो रे । श्री ३ जुद्धको पालामा वि. सं. १९९८ देखि सिंहदरबारमा टीकामा म जान लागेको हुँ । माथिबाट श्री ३ जुद्ध जमरा छरिदिनुहुन्थ्यो । तल बसेका हजारौं मानिसहरू जय महाराज भन्दै त्यो प्रसाद लिन्थे । लम्बरी पण्डित पनि त्यहीं पर्थे । प्राइम्मिनिस्टरले गरेको काम नै सबै राणाहरूका लागि अनुकरणीय हुनाले राणाजीका दरबारबाट टीकामा दक्षिणा पाउने कुरा थिएन । श्री ३ पद्मले टीका त लाइदिनुभयो, दक्षिणाको कुरो भएन । श्री ३ मोहनले लम्बरी पण्डितलाई टीका लाइदिई दक्षिणा पनि दिनुभयो । यही प्रसङ्गमा टीकामा एकपल्ट वा दुइपल्ट केसरशमशेरको दरबारमा म पुगेको छु ।

वर्षको ४८०। रु. देखि ७२०। रु. सम्म पुग्ने पण्डितपदमा म वि. सं. १९९७ मा भर्ना भएको हुँ । वि. सं.

दर्शन गरी हामी फर्कन्थ्यौं । त्यस कारण केसरपुस्तकालय मैले देखेको थिइनँ । वि. सं. २०१४ मा प्राध्यापक ईश्वर बरालले इतिहास–संशोधकहरूको सम्बन्ध केसरशमशेरसँग गराइदिनुभयो र उनीहरूले सो पुस्तकालयबाट गोपाल-राजवंशावलीहरू सारी ल्याए[२] । इतिहास–संशोधकहरूको सम्पर्क केसरशमशेरज्यूसँग भयो तापनि मेरोचाहिँ उहाँसँग सम्पर्क भएन । यसो नहुनाका धेरै कारणमध्ये मुख्य कारण मेरो एकोहोरो पठनपाठनको रुचि नै हो भन्ने मैले सम्झेको छु ।

मैले रानीपोखरीसंस्कृतपाठशालाको पण्डित भई जीविका चलाएको र हेमराज संस्कृतशिक्षाविभागका अध्यक्ष हुनुभएकोले उहाँसँग मेरो सम्पर्क भयो । अहिले त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको सहायता पाई दिनेशराज पन्तसँग मिली कालचक्रको ज्यौतिषभागको सम्पादन म गर्दैछु । हेमराजको सङ्ग्रहमा कालचक्रानुसारि गणित भन्ने ताडपत्रमा लेखिएको पुस्तक रहेछ । सो पुस्तक अहिले नेपाल–राष्ट्रिय–अभिलेखालयमा आएको छ[३] । त्यस पुस्तकबाट कालचक्रको प्रारम्भवर्षको निर्णय गर्न सहायता मिल्यो ।

नेपालमा राणाकालका सम्पन्न तथा शक्तिशाली व्यक्तिहरूमध्ये केसरशमशेर र हेमराज यी दुइ जनाले मात्र आफ्नो देशको प्राचीन विद्याको महिमा बुझी अन्वेषकहरूलाई सुविधा हुने गरी पुस्तक सङ्ग्रह गर्नु भएको मलाई थाहा छ । हुनत उहाँहरूका पुस्तकालयबाट स्वदेशीले भन्दा विदेशीले नै विशेष फाइदा उठाउँथे । केशरशमशेरको पुस्तकालय उस्तै रूपमा सरकारी संरक्षणमा सुरक्षित छ । हेमराजको पुस्तकालय केही भग्न रूपमा भए पनि सरकारी संरक्षणमा सुरक्षित छ । अहिले यी दुवै पुस्तकालय हामी नेपालीका लागि पनि खुलेका छन् । अन्वेषण गर्दा ती पुस्तकालयहरूका पुस्तकको मलाई बराबर आवश्यकता भइरहन्छ र त्यस प्रसङ्गमा उहाँहरूलाई म सम्झन्छु । त्यस कारण उहाँ दुवै जनाको गुणदोषसहित यथार्थ जीवनवृत्त प्रकाश होओस् भन्ने मेरो इच्छा छ । उहाँहरूको विषयमा मलाई थाहा भएका कुरा मैले प्रकाश गरिसकेको पनि छु[४] ।

---

२००६ मा श्री ३ मोहनको पालामा वर्षको हजार रुपियाँ जागीर पुग्यो । त्यस प्रसङ्गमा पण्डितहरूको डफफासँग मिली केसरशमशेरको दरबारमा दाम राख्न म पुगेको छु । यस किसिमबाट जीवनमा जम्मा १०, १२ पल्ट केसर-शमशेरको दरबारमा उहाँको दर्शन मैले गरेको छु ।

२. वि. सं. २०२१ मा काठमाडौंबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यको ऐतिहासिक–पत्रसङ्ग्रह २ भागमा छापिएको स्वर्गवासी हिज हाइनेस अतिरथी श्रीकेसरशमशेर ज. ब. रा. ज्यूको संक्षनामा ।

३. नेपालमा प्राचीनकालदेखि राजकीय सङ्ग्रहमा रहेका पुस्तकहरू वीरपुस्तकालयको नाम लिई संरक्षित थिए । वीरपुस्तकालयका ती पुस्तक र हेमराजको पुस्तकालय (नेपाल–राष्ट्रिय-पुस्तकालय) का हस्तलिखित पुस्तक-समेतको सङ्ग्रह भई नेपाल-राष्ट्रिय–अभिलेखालय बनेको छ ।

४. केसरशमशेरको विषयमा

अहिले मैले हेमराजका नाति श्रीप्रकाश ए. राजबाट पाएको हेमराजले विद्वच्छिरोमणिपदवी पाएको पत्र यहाँ प्रकाश गराएको छु । सो पत्रको चित्रफलक पनि उहाँले नै दिनुभएको हो ।

---

वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कका ७८—८८ पृष्ठमा छापिएको जनरल केसरशमशेरको ज्यौतिष-विषयको अध्ययनमा रुचि भन्ने मेरो निबन्ध ।

हेमराजको विषयमा

वि. सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र बज्राचार्य-द्वारा सम्पादित गल्लीमा पर्याँकिएका कसिङ्गरको मेरो उपोद्घातको ४ पृष्ठ । वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा– प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज् वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास –संशोधनको प्रमाण–प्रमेयमा छापिएको मेरो उपोद्घातको म गोबरगणेश बनेछु भन्ने प्रकरण (उपोद्घातका २४–३३ पृष्ठ) । वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध, सो अङ्कका १३३–१३४, १४४, १४९–१५२ पृष्ठ । वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २८ अङ्कमा छापिएको विद्वत्पूजा (२ सङ्ख्या) भन्ने मेरो निबन्ध, सो अङ्कका १९५-१९७, २०५-२०८, २१०–२११, २२०-२२१, २२६-२२७ पृष्ठ । पूर्णिमा २८ अङ्कका २२८-२५२ पृष्ठमा छापिएको गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार भन्ने मेरो निबन्ध । पूर्णिमा २८ अङ्कका २५२-२५६ पृष्ठमा छापिएको नवग्रहस्तोत्र भन्ने मेरो निबन्ध । पूर्णिमा २८ अङ्कका २६४-२६८ पृष्ठमा छापिएको विद्वच्छिरोमणि हेमराज र पण्डितराज सोमनाथको सम्बन्ध भन्ने मेरो निबन्ध । वि. सं. २०३० मा प्रकाशित पूर्णिमा ३० अङ्कमा छापिएको श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ भन्ने मेरो निबन्ध, सो अङ्कका ९९, १०१, १०४– १०६ पृष्ठ । वि. सं. २०३० मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित नेपाली ५६ पूर्णाङ्कका ५३–५५ पृष्ठमा छापिएको मेरो पत्र । वि. सं. २०३० मा प्रकाशित नेपाली ५८ पूर्णाङ्कमा छापिएको मेरो र दिनेशराज पन्तको राजीवलोचन जोशीको बिस्मातहर्षतरङ्गिणी भन्ने निबन्ध, सो अङ्कको ३६ पृष्ठ । वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कका १९०-१९२ पृष्ठमा छापिएको प्रमाण चाहियो भन्ने मेरो निबन्ध । पूर्णिमा ३१ अङ्कका १९३–१९४ पृष्ठमा छापिएको पं. विष्णुहरि रिमाल र चन्द्रिकाव्याकरण भन्ने मेरो निबन्ध (वि.सं. २०३१ वैशाख २१ गतेको गोरखापत्रमा पनि यो निबन्ध छापिएको छ ) । वि.सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कमा छापिएको श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ (२ सङ्ख्या) भन्ने मेरो निबन्ध, सो अङ्कका २४६-२४७ पृष्ठ । वि. सं. २०३१ चैत्र २५ गते र २८ गतेको गोरखापत्रमा प्रकाशित चन्द्रिकाको प्रकाशनमितिको विषयमा केही कुरा भन्ने मेरो पत्र । वि. सं. २०३३ मा त्रिभुवन-विश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १२ अङ्कमा छापिएको मेरो, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्ध, सो अङ्कका ४२, ४४–४५ पृष्ठ ।

।।श्रीः।।

श्रीदुर्गाज्यू



स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य, प्रोज्ज्वल नेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रवलगोरखादक्षिणबाहु महाधिपति, श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर संशेर जङ्ग देवानाम् सदा समरविजयीनाम्,

श्री ३ ज्यू

मार्फत श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्य, प्रोज्ज्वल नेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रवलगोरखादाक्षिणबाहु, पृथुलाधीश श्रीश्रीश्री महाराज जुद्धसंशेर जङ्गबहादुरराणा.

मार्फत श्रीमद्राजकुमारकुमारात्मज, सुप्रदीप्तमान्यवर नेपालतारा, सुविख्यात त्रिशक्तिपट्ट, सुप्रसिद्धप्रबलगोरखादक्षिणबाहु, श्रीकम्याण्डर इनचीफ जनरल पद्मसंशेर जङ्गबहादुरराणा नेपालप्रतापवर्द्धक सैनिकदीर्घसेवापट्ट,

मार्फत श्रीमद्राजकुमारकुमारात्मज सुप्रदीप्त मान्यवर नेपालतारा, सुविख्यात त्रिशक्तिपट्ट, सुप्रसिद्धप्रबल गोरखादक्षिणबाहु, श्रीपश्चिम तर्फका कम्याण्डिङ्ग जनरल मोहनसंशेर जङ्गबहादुरराणा, सैनिकदीर्घसेवापट्ट.

आगे श्री प्रदीप्तमान्यवर नेपालतारा प्रसिद्धप्रवलगोरखादक्षिणबाहु नायव बडागुरुज्यू हेमराज पण्डितज्यू के यथोचित उप्रान्त हजुरलाई विद्या र धर्मसम्बन्धी काममा योग्यतासाथ गर्नुभएका सुकामको कदरका निमित्त विद्वच्छिरोमणि पदवी बक्सन योग्य ठहराई संवत् १९९२ साल वैशाख गते रोज मा बक्सिसकेको लालमोहर हुन बाँकी छ भनी श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्वलनेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रवलगोरखादक्षिणबाहु, पृथुलाधीश, श्री श्री श्री महाराज जुद्धसंशेर जङ्गबहादुर राणा, जी. सी. एल. एच; जी. सी. एल; जी. सी; यस. आई; जी. सी. एस. एस. यम्. एल; जी. सी. आई. ई; जी. के. आर. के. यितङ्ग पावटिङ्ग शुन चियान लु चुयां श्याङ्ग च्याङ्ग अनरेरी लेफटेन्याण्ट जनरल बृटिश आर्मि, अनरेरी कर्णेल अफ अल दि गोरखा राइफल रेजिमेण्टस इण्डियन आर्मि, प्राइममिनिष्टर याण्ड सुप्रीम कम्याण्डर इनचीफ र श्री मद्राजकुमारकुमारात्मज सुप्रदीप्तमान्यवरनेपालतारा, सुविख्यात त्रिशक्तिपट्ट. सुप्रसिद्धप्रवलगोरखादक्षिणबाहु, श्री कम्याण्डर इनचीफ जनरल पद्मसंशेर जङ्गबहादुर राणा, जी. बी. ई; के. सी. एस. आई; के. सी. आई. ई; यम्. टी. आर. के, नेपालप्रतापवर्द्धक, सैनिकदीर्घसेवापट्ट ले हाम्रा हजुरमा बिन्तिपार्दा हाम्रो ३४ बर्षको उमेर होइबक्सदा यो लालमोहर बक्सको छ. श्रीईश्वरका अनुग्रहले चिरकालपर्यन्त सुख आनन्दपूर्वक यो इज्जतको भोग गर्न मिलोस्. इति संवत् १९९६ साल भाद्र १६ गते रोज ६ शुभम्

**नायब बडागुरुज्यू हेमराजले**

**विद्वच्छिरोमणिपदवी पाएको लालमोहर**

॥ श्रीः ॥

श्रीदुर्गाज्यू

मार्फत श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्य, प्रोज्ज्वल नेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबलगोरखादक्षिणबाहु, पृथुलाधीश श्रीश्रीश्री महाराज जुद्धसंशेर जङ्गबहादुरराणा.

मार्फत श्रीमद्राजकुमारकुमारात्मज, सुप्रदीप्तमान्यवर नेपालतारा,सुविख्यात त्रिशक्तिपट्ट, सुप्रसिद्धप्रबलगोरखादक्षिणबाहु, श्रीकम्याण्डर इनचीफ जनरल पद्मसंशेर जङ्गबहादुरराणा नेपालप्रतापवर्द्धक सैनिकदीर्घसेवापट्ट,

मार्फत श्रीमद्राजकुमारकुमारात्मज सुप्रदीप्त मान्यवर नेपालतारा, सुविख्यात त्रिशक्तिपट्ट, सुप्रसिद्धप्रबल गोरखादक्षिणबाहु, श्रीपश्चिम तर्फका कम्याण्डिङ जनरल मोहनसंशेर जङ्गबहादुरराणा, सैनिकदीर्घसेवापट्ट.

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य, प्रोज्ज्वल नेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति, श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर संशेर जङ्ग देवानाम् सदा समरविजयीनाम्.

आगे श्री प्रदीप्तमान्यवर नेपालतारा प्रसिद्धप्रबलगोरखादक्षिणबाहु नायव बडागुरुज्यू हेमराज पण्डितज्यू के यथोचित उप्रान्त हजुरलाई विद्या र धर्मसम्बन्धी काममा योग्यतासाथ गर्नुभएका सुकामको कदरका निमित्त विद्वच्छिरोमणि पदवी बक्सन योग्य ठहराई संवत् १९९२ साल वैशाख गते रोज मा बक्सिसकेको लालमोहर हुन बाँकी छ भनी श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्य प्रोज्ज्वलनेपालतारा, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबलगोरखादक्षिणबाहु, पृथुलाधीश, श्री श्री श्री महाराज जुद्धसंशेर जङ्गबहादुर राणा, जी. सी. एल. एच्; जी. सी. एल्; जी. सी; यस्. आई; जी. सी. एस्. एस्. यम्. एल्; जी. सी. आई. ई; जी. के. आर. के. यितेङ्ग पावटिङ्ग शुन चियान लु चुयां श्याङ्ग च्याङ्ग अनरेरी लेफटेन्याण्ट जनरल बृटिश आर्मि, अनरेरी कर्णेल अफ अल दि गोरखा राइफल रेजिमेण्टस इण्डियन आर्मि, प्राइममिनिष्टर याण्ड सुप्रीम कम्याण्डर इनचीफ र श्री मद्राजकुमारकुमारात्मज सुप्रदीप्तमान्यवरनेपालतारा, सुविख्यात त्रिशक्तिपट्ट. सुप्रसिद्धप्रबलगोरखादक्षिणबाहु, श्री कम्याण्डर इनचीफ जनरल पद्मसंशेर जङ्गबहादुर राणा, जी. बी. ई; के. सी. एस. आई; के. सी. आई. ई; यस्. टी. आर. के, नेपालप्रतापवर्द्धक, सैनिकदीर्घसेवापट्ट ले हाम्रा हजुरमा बिन्ति पार्दा हाम्रो ३४ वर्षको उमेर होइबक्सदा यो लालमोहर बक्सेको छ. श्रीईश्वरका अनुग्रहले चिरकालपर्यन्त सुख आनन्दपूर्वक यो इज्जतको भोग गर्न मिलोस्. इति संवत् १९९६ साल भाद्र १६ गते रोज ६शुभम् –

# राम्रो नराम्रो

—नयराज पन्त

ज्यादै थोरै कालको यत्नबाट
आयो स्वाट्टै राज्यको शक्ति हात ।
जोरी खोज्ने जो थिए ती बिलाए,
ज्यू ज्यू गर्ने मात्र छन् सामु ऐले ।।१।।

आफ्नो जो हो राज्यको बाह्यनीति,
त्यो ता भैगो आङ्गलसाम्राज्यनीति ।
आफूलाई छैन षाड्गुण्य खेल्नु,
यौटा चिन्ता खाल अङ्ग्रेज राख्नु ।।२।।

जे बोल्यो त्यै पुग्छ, त्यै ऐन हुन्छ,
केही पैसा छर्दियो धर्म हुन्छ ।
माग्ने माग्ने मात्र चौतर्फमा छन्,
मौका पाए शत्रु यी बन्न सक्छन् ।।३।।

यस्तो देख्ता सत्रभाईहरूले
मौका पर्दा मोज नै श्रेय सम्झे ।
ठूला ठूला हर्म्य राम्रा बनाई
राम्रा राम्रा वस्तु ल्याई सजाई ।।४।।

राम्रा राम्रा षोडशीलाइ ल्याई
जम्मा पारी नाचगाना चलाई ।
बस्ता राम्रा यी थिए हर्म्य पैले,
देखिन्छन् यी हाय जिर्णिङ्ग ऐले ।।५।।

२०२६।२।२८।३

⊙

# हे राम तिम्रो मन

– नयराज पन्त

सौतेनी जननी बिगार्न बहुधा चेष्टा बडो गर्दछिन्,
आफ्ना बाबु नृपालचाहिँ उनकै सङ्केतमा नाच्तछन् ।
आमा भाइ उचाल्दछन् निडर भै विद्रोह गर्नाकन,
यस्तो सङ्कटमा पनि स्थिर रह्यो हे राम तिम्रो मन ।।१।।


बाबु स्वर्ग गए, सपत्नजननी अत्यन्त निःशक्त छन्,
छोराले उनका नुहेर पदमा साम्राज्य टक्र्याउँछन् ।
बिन्ती धेर गरीरहेछ जनता गद्दी सह्यार्नाकन,
यस्तो औसरमा पनि स्थिर रह्यो हे राम तिम्रो मन ।।२।।

२०२८।५।३१।५

आफ्नो राज्य गयो, स्वदेश छुटिगो, स्वास्नी हर्‍यो शत्रुले,
यौटा भाइ सहाय छन्, छ बलियो वैरी भने राज्यले ।
भो आवश्यक मित्रसङ्ग्रह तथा सङ्ग्रामको उद्यम,
यस्तो कालसमेतमा स्थिर रह्यो हे राम तिम्रो मन ।।३।।

मारी दुर्जय शत्रुलाइ रणमा ल्यायौ पियारी घर,
विस्तारै सहधर्मिणीचरितमा कानेखुसी भो तर ।
पत्नीत्याग गर्‍यौ, गृहस्थपनमै भो ब्रह्मचारीपन,
अन्तर्द्वन्द्व हुँदा पनि स्थिर रह्यो हे राम तिम्रो मन ।।४।।

२०२८।६।१।६



# नेपालको शुद्ध र सर्वमान्य इतिहास तयार गर्न परेका बाधा

वि. सं. २०३३ चैत्र १८ गते बृहस्पतिवार त्रिभुवनविश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र अध्ययन-संस्थान कीर्तिपुर बहुमुखी क्याम्पसको इतिहासशिक्षणसमितिद्वारा आयोजित प्रवचनसभामा हामीले पनि केही बोल्ने अवसर पाएका थियौं । त्यहाँ संशोधन–मण्डलतर्फबाट दिनेशराज पन्तले बाँचेको वक्तव्य पूर्णिमाका पाठकको सामुन्ने प्रस्तुत गर्नु सामयिक लागेकोले सो वक्तव्य यहाँ दिएका छौं ।

आदरणीय सभापतिज्यू तथा उपस्थित विद्वद्वृन्द !

प्रसिद्ध भारतीय अभिलेखज्ञ भगवान्‌लाल इन्द्राजीले नेपालबाट पढी लगेका २३ वटा अभिलेख भारतीय प्रत्न-तत्त्वसम्बन्धी प्रसिद्ध पत्रिका इन्‌डिअन् यान्‌टिक्वरिमा वि. सं. १९३७ मा छापिएदेखि नेपालको इतिहासको प्रामाणिक साधन प्रकाशित गर्ने चलन चलेको हो । यसरी नेपालको इतिहासको प्रामाणिक साधन प्रकाशित गरिन थालेको झण्डै सय वर्ष हुन लागेको छ । यस अवधिमा नेपालको इतिहासविषयमा साना ठूला निकै पुस्तक निस्किसकेका छन् र नेपालको इतिहासले विश्वविद्यालयको पाठ्यक्रमको एउटा भिन्न विषयको रूप पनि लिइसकेको छ । तर पनि आफ्नो देशको शुद्ध र सर्वमान्य इतिहास पढ्ने नेपाली जनताको धोको भने अझ मेटिइसकेको छैन । यो धोको किन मेटिएन भन्ने कुरामा केही चर्चा गर्ने मौका दिनुभएकोमा हामी यस सभाका आयोजकहरूलाई धन्यवाद दिन्छौं ।

दन्त्यकथा र वास्तव घटना मिसाई वंशावली लेख्ने चलन नेपालमा प्राचीनकालदेखि थियो भन्ने कुरा स्थिति मल्लको पालामा लेखिएको गोपालराजवंशावलीबाट अडकल गर्न सकिन्छ । शाहकालमा नेपाली भाषामा वंशावली-हरूको रचना भएको कुरा त्यसताका लेखिएका विभिन्न वंशावलीबाट बुझ्न सकिन्छ । ती वंशावली पुराना वशावली-भन्दा विस्तृत रूपमा लेखिएका छन् तापनि शाहकालका वंशावलीकारहरूले पनि दन्त्यकथा र वास्तव घटना मिसाई वंशावली लेखेका छन् । शाहकालमा लेखिएको त्यस्तै एउटा वंशावलीलाई सम्पादन गरी नेपालस्थित बेलायतको दूतावासका चिकित्सक डानियल राइटले वि. सं. १९३३ मा नेपालको इतिहासको नाउँ दिई प्रकाश गराएकाले र त्यस पुस्तकको देशविदेश सबै ठाउँमा प्रचार भएकोले नेपालको इतिहासका ग्रन्थ लेख्नेहरूमध्ये धेरैजसाले यसलाई आकरग्रन्थको रूपमा मानी आआफ्ना ग्रन्थ लेखे । वंशावलीमा लेखिएका कुरालाई तात्कालिक साधनहरूको आधारमा परीक्षा गर्दा ठाउँठाउँमा निकै अशुद्धि देखा पर्न गए र ती अशुद्धिहरूको प्रमाणको आधारमा संशोधन–मण्डलबाट वि. सं. २००९ देखि[1] संशोधन हुन थाल्यो । इतिहासका ग्रन्थ लेख्नेहरूमध्ये धेरैजसा व्यक्ति मूल प्रमाणको आफैं

१. वि. सं. २००९ देखि इतिहास–संशोधन निस्कन थालेका हुन् । संशोधन–मण्डलको नामबाट वि. सं. २०१८ देखि काम हुन लागेको हो ।

परीक्षा गर्न सक्ने योग्यता नभएका र राइटको नेपालको इतिहासको व्यापक प्रचार पनि भएकोले केही ऐतिहासिकहरूले वंशावलीलाई अप्रामाणिक मान्ने साहस गर्न सकेनन् र अशुद्ध ठहरिइसकेका कुरा त्यस्ता ऐतिहासिकहरूबाट अझै पनि दोहरिरहेकै छन् । वर्तमानकाल अन्वेषणको महिमा गाउने काल भएकोले त्यस्ता ऐतिहासिकहरूले आफ्नो पुस्तकलाई अन्वेषणमय बनाउने लोभ छोड्न नसकी वंशावलीका खण्डन गरी प्रकाश गरिएका सत्य कुरा पनि आफ्नो ग्रन्थमा कहीँकहीँ घुसाउन छोडेका छैनन् । यसरी ती ऐतिहासिकको एउटै ग्रन्थमा एउटै व्यक्तिको मृत्युसमय विभिन्न पाइनु, एउटै मानिस एउटै मानिसको छोराको रूपमा पनि नातिको रूपमा पनि वर्णन गरिनु सामान्य कुरा हुन गएको छ । यसले गर्दा त्यस्ता ऐतिहासिकहरूको पुस्तक व्याघातोक्तिले दूषित भई उपहासास्पद बन्न गएको छ । तर पनि त्यस्ता व्यक्तिहरू ठूला पदमा रहेकाले तिनीहरूको ग्रन्थले गर्दा नेपाली जनता अन्योलमा पर्न गएको छ ।

कुनै वेला सत्य सम्झिएका कुरा खोजी हुँदै जाँदा असत्य ठहरिन जाने कुरा अन्वेषकवर्गलाई सम्झाइरहनुपर्ने होइन । कुनै ऐतिहासिकले सत्य सम्झी लेखेको कुरालाई पछि खोजीको आधारमा असत्य ठहर्दा संशोधन–मण्डलबाट प्रमाणको आधारमा खण्डन भएको छ । त्यस्ता खण्डनलाई केही हठधर्मी ऐतिहासिकहरूले स्वीकार नगरेकाले नेपाली जनतालाई भ्रम पर्न गएको छ ।

कुनै विषयमा पूर्वाग्रह लिई इतिहास लेख्न बसेका ऐतिहासिकहरूको कलमबाट निस्केका इतिहासको प्रमाणको आधारमा संशोधन–मण्डलले खण्डन गर्दै आएको छ । कुनै स्वार्थविशेषले प्रेरित भएका ती ऐतिहासिकहरूले आफूले पहिले लेखेको कुरालाई संशोधन नगरिदिँदा नेपाली जनता दोधारमा परेको छ ।

अन्वेषण गर्दै जाँदा नयाँ नयाँ कुराको खोजी हुँदै जान्छ र त्यसले गर्दा सत्य भनी ठानिएका कुराको संशोधन हुँदै जान्छ । तर खोज गरी तयार गरिएका नयाँ नयाँ अन्वेषणपत्रहरू नपढी ऐतिहासिकहरूले कलम चलाएकाले नयाँ खोजीको प्रचार नभई पुरानै अशुद्ध कुराको नेपाली जनतामा प्रचार भइरहेको देखिन्छ ।

यी चार बाधा नै नेपाली जनताले शुद्ध र सर्वमान्य इतिहास नपाउनुका प्रमुख कारण हुन् भन्ने हामीलाई लागेको छ ।

नेपाली जनतालाई शुद्ध र सर्वमान्य इतिहास दिई नेपाली जनतामा राष्ट्रिय चेतना बढाउने हो भने त्रिभुवन–विश्वविद्यालय वा यससरहका लब्धप्रतिष्ठ संस्थाले ऐतिहासिकहरूको बराबर भेला गराई अशुद्ध ठहरिएका कुरालाई संशोधन गर्न लगाउनुपर्छ भन्ने हामीलाई लाग्छ ।

२०३३।१२।१८।५ — संशोधन–मण्डल

०००

# नवौँ वर्षको आयव्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी | | १२२८३।३९ |
| पहिलेको बाँकी (३२ अङ्कमा प्रकाशित) | ३३८०।६८ | |
| मदनपुरस्कारपुस्तकालयबाट २ पटक गरी संशोधन-मण्डलले पाएको अर्थसहायता | ८००। | |
| त्रिभुवनविश्वविद्यालयको केन्द्रीय कार्यालयबाट पूर्णिमाले पाएको अर्थसहायता | १०००। | |
| श्री ५ पृथ्वीनारायण शाहको उपदेशको बिक्रीबाट | ८७। | |
| बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | २०४।९० | |
| अरू | ३४२।१२ | |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख–सङ्ग्रह, इतिहास–संशोधन, विद्या–रक्षा, सावधान–पत्र, पञ्चाङ्ग–संशोधन, व्याकरण–संशोधन २ वर्षभित्रमा बिक्री भई आएको | १३०३।१५ | |
| श्री ५ को सरकार शिक्षामन्त्रालयले पूर्णिमा ३२, ३३, ३४, ३५, ३६ हरेक अङ्क २५।२५ प्रति र पूर्णिमा १–३४ अङ्क १२।१२ प्रति किनिदिँदा आएको | २२३९। | |
| श्री ५ को सरकार सूचनाविभागले पूर्णिमा ३०, ३१, ३२, ३३ हरेक अङ्क २५।२५ प्रति किनिदिँदा आएको | ५५०। | |
| त्रिभुवन–विश्वविद्यालयबाट श्रीगुरु पं. नयराज पन्तले पाउनुभएजति संशोधन–मण्डललाई दिने उहाँको निर्णयअनुसार उहाँबाट प्राप्त भएको[1] | २३७६।५४ | |
| खर्च | | ८३२९।०२ |
| ३३ पूर्णाङ्कमा | १९१८।१५ | |
| ३४ पूर्णाङ्कमा | १५४५।८० | |
| ३५ पूर्णाङ्कमा | १२७६।५६ | |
| ३६ पूर्णाङ्कमा | २२८१।३८ | |
| पञ्चाङ्ग–संशोधन १३, १४ सङ्ख्यामा | ९६। | |
| बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तरमा | ७२५।५० | |
| ऐतिहासिक सामग्रीको प्रतिलिपि गराउँदा | २७७।९१ | |
| अरू | २०७।७२ | |
| बाँकी | | ३९५४।३७ |

१. वि. सं. २०२९ कार्तिकदेखि वि. सं. २०३० भाद्र १८ गतेसम्म जम्मा १० महीना १८ दिनको विश्वविद्यालयबाट आएको तलब यहाँ परेको छ ।

वि. सं. २०२३ कार्तिकदेखि वि. सं. २०३० भाद्रसम्ममा श्रीगुरुबाट आएको रकम जम्मा रु. १८३६९।९८ यसरी आउने रकम यत्ति हो ।

# वि. सं. २०२३ मा श्रीगुरु पं. नयराज पन्तबाट त्रिभुवन-विश्वविद्यालयमा पढाई प्राप्त रकम संशोधन-मण्डललाई दिन थाल्दा लेखिएको पत्र

रानीपोखरीसंस्कृतपाठशालामा ज्यौतिष पढाउने काममा म भर्ना भएको अहिले पूरा २६ वर्ष हुन लाग्यो। नेपालराजकीयसंस्कृतमहाविद्यालयमा ज्यौतिष पढाउन लागेको पनि अहिले पूरा १५ वर्ष भयो। त्रिभुवनविश्वविद्यालयमा ज्यौतिष पढाउन लागेको २ महीना भयो।

मसँग पढी ५।६ जना ज्यौतिषमा आचार्य भए वा हुन लागे। केही आघौँ हुन्छन्, केही पराघौँ हुन्छन्। यो क्रम जारी रहेको छ। तर आचार्य भएका मनुष्यहरूबाट पनि ज्यौतिषविषयमा मेरो विचारअनुसारको काम हुन सकेको छैन। ती आचार्यमध्ये धेरैले त ज्यौतिषविद्या अब काम लाग्दैन, यो पढेर लोकमा केही उपयोग छैन भन्ने भाव आफ्नो आचरणबाट आफैँले अङ्ग्रेजी परीक्षा दिई तथा आफ्ना सन्तानलाई अङ्ग्रेजी शिक्षामा हाली देखाएका छन्। दुइ तीन जनाले ज्यौतिषै पढाएर जीविका गरेका छन् तापनि तिनले पनि आफ्ना सन्तानलाई ज्यौतिष पढाउने विचार लिएको देखिँदैन। यी ज्यौतिषाचार्यहरूमा राम्रोसँग पञ्चाङ्ग गर्ने योग्यता पनि छ वा छैन भन्ने कुरामा सन्देह छ।

सरकारले अहिले अङ्ग्रेजी तथा संस्कृत विभागमा उत्ति उत्ति वेतन दिएको छ। संस्कृतमहाविद्यालयमा पढ्ने विद्यार्थीहरूलाई वृत्ति पनि दिएको छ। तैपनि संस्कृत पढ्ने विद्यार्थीहरूमा उत्साह देखिँदैन। यी विद्यार्थीमा धेरैजसाले अङ्ग्रेजी परीक्षा दिँदै आएका छन्। अङ्ग्रेजी परीक्षा दिन नसकेका एक दुइ जनाले पनि संस्कृतको पढाइमा विशेष रुचि लिएको देखिँदैन। यो कुरो प्रत्यक्ष छ।

मेरो विचारमा यसो हुनाको मूल कारण हाम्रो वर्तमान पढाइमा ग्रन्थ कण्ठस्थ गर्ने परम्परा छुटेकोले हो भन्ने लागेकोले ग्रन्थ कण्ठ गराउने पद्धतिमा शुरुदेखि नै मैले जोड दिँदै आएको छु तापनि म यस काममा बिलकुलै असफल भएको छु भने पनि हुन्छ। ग्रन्थ कण्ठ गर्ने पद्धति किन बस्न सकेन भन्दा संस्कृतभाषाको ज्ञान राम्रोसँग नभएकोले यस्तो भएको हो भन्ने मैले सम्झेको छु।

यो वेद वेदवदनं सदनं हि सम्यग्
ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम्।
यस्मादतः प्रथममेतदधीत्य धीमाञ्
शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी ॥८॥

(सिद्धान्तशिरोमणि गोलप्रशंसाध्याय)

[ जसले व्याकरण राम्रोसँग बुझेको छ, त्यसले सरस्वतीको घर भएको वेद पनि बुझ्न सक्छ भने अरू शास्त्रको त के कुरा । यस कारण पहिले व्याकरण पढी बुद्धिमान् भएको मानिसले अरू शास्त्र पढ्ने अधिकार पाउँछ । ]

यसअनुसार पढे बढिया होला भन्ने मैले सम्झेकोले त्यसैअनुसार पढाउने मैले विचार गरें । यही प्रसङ्गमा केही विद्यार्थी मकहाँ बटुलिए । यसैबाट इतिहास–संशोधनहरू निस्के । यस कुरालाई मैले इतिहास–संशोधनको प्रमाण-प्रमेयको उपोद्घातमा विस्तारपूर्वक लेखेको छु ।

ग्रन्थ कण्ठ गर्ने पद्धति क्रमशः घट्दै गइरहेको छ । वि. सं. २००४ सम्म विद्यार्थीहरूले विशेष काम गर्न नसके तापनि केही ग्रन्थ अवश्य पनि घोक्थे । वि. सं. २००४ को "जयतु संस्कृतम्" को हल्ला चलेपछि संस्कृतका विद्यार्थीहरूलाई राजनीतिको चस्का लाग्यो र राजनीतिको आन्दोलनमा निकै विद्यार्थी मुछिए । वि. सं. २००७ पछि ती विद्यार्थीहरूमध्ये केहीले उच्च उच्च पद भेट्टाए । यसले गर्दा विद्यार्थीहरूलाई राजनीति आकर्षक वस्तु बन्न गयो । यही प्रसङ्गबाट होला, संस्कृत पढाउने पण्डितहरूले पनि अङ्ग्रेजीसरह वेतन पाए । तर सरकारले संस्कृतविद्याको कदर गरे तापनि पढ्ने पढाउनेको मनले संस्कृतविद्याको कदर गरेको देखिँदैन ।

संस्कृतमहाविद्यालयमा पूसमा मीनपचासको बिदा छुट्छ, पूस र माघ २ महीना बिदै भयो । फागुनमा विश्वविद्यालयको जाँच हुन्छ, वैशाख निकल्दो वा जेठको प्रारम्भमा परीक्षाफल निस्कन्छ, जेठको अन्त्यतिर पढाइ शुरू हुन्छ । कहिलेकहीँ त योभन्दा ढीलो हुन्छ । यसरी विनापढाइमा पाँच छ महीना बित्छन् । जब पढाइ चल्छ, तब खेलबाड पनि आइपुग्छ । बीचबीचका बिदा छँदैछन् । यस किसिमबाट पढाइ मुश्किलले वर्षको १०० दिन जति हुन्छ । विश्वविद्यालयमा पनि यही अवस्था छ । प्रतिदिन विश्वविद्यालयका छात्रहरू ५० मिनेट पढ्न पाउँछन् । यस कुरामा विचार रहोस् भनी मुखले तथा लिखित रूपमा अधिकारीको सामुन्ने कुरा गरेको छु । तर अहिलेसम्म यस विषयमा मेरो प्रार्थना बेकाम भइरहेछ ।

इतिहास–संशोधन (संशोधन–मण्डल) द्वारा अलिकता मात्र भए पनि काम गर्न (हुनत यो काम अत्यन्त थोरै छ) नसकेको भए म

लब्धास्पदोऽस्मीति विवादभीरो-
स्तितिक्षमाणस्य परेण निन्दाम् ।
यस्यागम: केवलजीविकायै
तं ज्ञानपण्यं वणिजं वदन्ति ॥

(कालिदास)

[ पढेको विद्यालाई खालि जीवनवृत्ति कमाउने काममा लाउने, पद पाएकै छु भनी वादविवादमा उत्रन डराउने, अर्काले गरेको निन्दा सहने मानिसलाई ज्ञान बेच्ने पसले भन्छन् । ]

यसको उदाहरण बन्ने थिएँ भन्ने कुरा मेरो मनमा वारंवार खेलिरहन्छ ।

संशोधन–मण्डलको अवस्था पनि राम्रो छैन। यहाँका सदस्यहरूमा केही स्पष्टैसँग आफूलाई घाइते जुवाडीसँग दाँज्छन् । केही गृहस्थीको भारले चिन्तित छन् ।

संशोधन–मण्डलका सदस्यहरूले आफ्नो जीवनलाई चाहिने वृत्ति पाउन अझ निकै परिश्रम गर्न बाँकी छ । किनभने आफूले पढेका ग्रन्थ सधैँ कण्ठस्थ राखिरहनुपर्ने अवस्था यहाँ ल्याउन सकिएको छैन । यो काम गर्न परिश्रमकै खाँचो छ ।

पूर्णिमा पत्रिका जेनतेन चल्दै गइरहेछ । यस कामका लागि पहिलो वर्ष मैले १२५०। एक हजार दुइ सय पचास रुपियाँ, दोस्रो वर्ष ११४०। एक हजार एक सय चालीस रुपियाँ हाल्नुपरेको थियो[१] ।

इतिहास–संशोधनलाई चल्न नदिन रायल नेपाल एकेडेमीले निकै उद्योग गऱ्यो । जसको प्रत्यक्ष प्रमाण सावधान–पत्रहरू नै छन् । त्रिभुवनविश्वविद्यालय पनि रायल नेपाल एकेडेमीसँग मिलेको थियो भन्ने कुराको प्रमाण सावधान–पत्रहरू नै छन् । इतिहास–संशोधनको विषयमा स्पष्ट विचार नलिएसम्म त्रिभुवनविश्वविद्यालयमा गई पढाउनु मैले आफूलाई श्रेयस्कर सम्झिनँ । २०२२ कार्तिकदेखि त्रिभुवनविश्वविद्यालयमा आचार्यविभाग खुल्यो । त्यहाँ त्यसै बेला ज्यौतिष पढाउन मलाई बोलाइएको थियो तापनि सोही कारण खुलाई त्रिभुवन-विश्वविद्यालयसँग इतिहास–संशोधनको खण्डन वा मण्डन होस् भन्ने प्रार्थना मैले गरेँ । एक वर्ष त्यसै बित्यो । त्रिभुवनविश्वविद्यालयको ज्यौतिषविषयको परीक्षामा काम गरेबापत वर्षको पुगनपुग ३००। तीन सय रुपियाँ जति म पाउँछु । इतिहास–संशोधनको उपरमा स्पष्ट नीति नलिएसम्म सो काम पनि मैले छोड्ने निश्चय गरेको थिएँ । २०२३ आश्विनमा त्रिभुवनविश्वविद्यालयले इतिहास–संशोधनको प्रमाण–प्रमेयलाई आफ्नो इतिहास-विषयको परीक्षामा पाठ्यपुस्तक निर्धारण गऱ्यो । विश्वविद्यालयले त्यसको सूचना मलाई दिई ज्यौतिष पढाउन मलाई डाक्यो । मैले पनि विश्वविद्यालयमा पढाउन मञ्जूर गरेँ । २०२३ कार्तिक १४ गतेदेखि त्रिभुवनविश्वविद्यालयमा मेरो अस्थायी नियुक्ति भएको छ। अहिले म त्रिभुवनविश्वविद्यालयबाट महीनाको २२५। दुइ सय पच्चीस रुपियाँ पाउँछु । यसरी अहिले म संस्कृतमहाविद्यालय र त्रिभुवनविश्वविद्यालय दुवैतिरबाट वृत्ति पाउँछु। यसरी दुवैतिरबाट वृत्ति पाउञ्जेल त्रिभुवनविश्वविद्यालयबाट आएको वृत्ति संशोधन–मण्डलमा समर्पण गर्ने निश्चय मैले गरेको छु। मैले संशोधन–मण्डललाई बुझाउनुपर्ने रुपियाँ यसैमा पर्नेछ । संशोधन–मण्डल स्वावलम्बी नभएसम्म र दुवैतिरबाट वृत्ति पाउञ्जेलसम्म यो नियम चालू रहनेछ ।

संशोधन–मण्डलको खर्च हेरी यति रुपियाँ धेरै होइन तापनि अहिले अलिकता काम यसले पनि गर्ला भन्ने मलाई लागेको छ। संशोधन–मण्डलले पनि राम्रोसँग नियम बनाई चलाई स्वावलम्बी हुने र आफ्नो पढाइ

---

१. प्रत्येक सदस्यले महीनाको १५। पन्ध्र रुपियाँ हाल्नुपर्ने हुनाले म र मेरा दुइ छोरा गरी जम्मा ४५। पैँतालीस रुपियाँ हाल्नुपर्छ । अरू खर्च गणितविषयको लेखको लागि परेको हो ।

स्वीकार गराई आफ्ना सदस्यहरूलाई जीवनोपयोगी वृत्ति दिलाउने काम राम्रोसँग गर्ला भन्ने मैले आशा लिएको छु ।

नयराज पन्त
१०/३७४ वटु सवलबहाल
काठमाडौँ नेपाल

वि. सं.२०२३ पौष १४ गते ५ मा

लेखक—देवीप्रसाद भण्डारी

महेशराज पन्त
दिनेशराज पन्त

०००

# सूचनाविभागद्वारा प्रकाशित पुस्तकमा अशुद्ध कुरा वारंवार दोहरिइरहन्छन्

– दिनेशराज पन्त

श्रीयदुनन्दन के. सी. एम. ए., एम. एड. (शिक्षाविशेषज्ञ) द्वारा रचित नेपालका महान् विभूतिहरूनामक पुस्तकको दोस्रो संस्करण वि. सं. २०३३ मा श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित भएको छ । राष्ट्रका विभूतिहरूको विषयमा लेखिएको, सूचनाविभाग जस्तो श्री ५ को सरकारको जिम्मेदार अङ्गबाट प्रकाशित त्यस ग्रन्थमा रहेका असत्य वा अर्धसत्य कुराबाट नेपाली जनतामा भ्रम पर्न जाने सम्भावना हुँदा त्यस ग्रन्थमा रहेका इतिहाससम्बन्धी अशुद्धिको संशोधन यस निबन्धमा गर्ने विचार गरिएको थियो । तर साधनहीन पूर्णिमाले त्यस पुस्तकको आलोचना गर्न धेरै पत्र खर्चन नसक्ने हुँदा त्यस ग्रन्थमा रहेको एउटा अशुद्धिको विषयमा मात्र यहाँ लेखिन्छ ।

नेपालका महान् विभूतिहरूको राम शाहप्रकरणमा यस्तो लेखिएको छ –

> रामशाह गोरखाका राजा थिए । उनी वि. सं. १६६३–१६९० सम्म गोरखाका राजा भए ।
>
> (२७ पृष्ठ)
>
> उनी सम्वत् १६६३ मा गोरखाका राजा भए ।
>
> (२८ पृष्ठ)

यहाँ राम शाह वि. सं. १६६३ देखि वि. सं. १६९० सम्म राजा थिए भनी लेखिएको छ ।

गोरखादरबारको रङ्गमहलको छिँडीको कुनामा छत्र शाह ( राम शाहका दाजु ) ले राखेको नगरा पाइएको छ । सो नगरामा यस्तो लेखिएको छ—

श्रीशाके १५३१ मासे ५ श्रीमहाराजछत्रशाहस्य कृतिः

[शाके १५३१ (वि. सं. १६६६) भाद्र महीनामा श्रीमहाराज छत्र शाहले यो बनाउनुभएको हो ।]

( वि. सं. २०३२ मा प्रकाशित पूर्णिमा ३३ अङ्कका २७-३५ पृष्ठमा छापिएको दिनेशराज पन्तको गोरखाली राजाहरूका राज्यकाल भन्ने निबन्ध, सो अङ्कको २९ पृ. )

वि. सं. १६६६ मा राजाको रूपमा छत्र शाहको उल्लेख पाइएकोले राम शाह वि. सं. १६६३ मा राजा भए भन्ने कुरा अशुद्ध हो भन्ने स्पष्ट हुन्छ ।

गोरखा पोखरीथोकको रामेश्वरमन्दिरमा रहेको राम शाहको शिलालेखमा यस्तो लेखिएको छ—

रामश्चांकरसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै
शुद्धे श्रावणमासि भानुदिवसे युक्ते दशम्यां तथा ।।
चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ।। १ ।।

[ वि. सं. १६९३ चोखो श्रावण महीनामा दशमी आदित्यवारका दिन श्रीशिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएका, सधैँ शत्रुलाई जित्ने उहाँ राजा राम शाहले आनन्द दिने मठ ( मन्दिर ) बनाउनुभयो ।]

(पूर्णिमा ३३ अङ्कका २९-३० पृ.)

यहाँ वि. सं. १६९३ मा राजाको रूपमा राम शाहको उल्लेख पाइएकोले वि. सं. १६९० सम्म मात्र राम शाह राजा थिए भनी लेखिएको कुरा अशुद्ध हो भन्ने स्पष्ट हुन्छ ।

वि. सं. २०३१ फाल्गुनमा सूचनाविभागद्वारा प्रकाशित, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीद्वारा रचित नेपालका शाहवंशीय राजाहरूनामक पुस्तक र सूचनाविभागद्वारा प्रकाशित फ्याक्ट्स् अबाउट् नेपाल् ( नेपालसम्बन्धी तथ्य ) नामक पुस्तकमा पनि राम शाहको राज्यकालको विषयमा अशुद्धि गरिएको थियो । वि. सं. २०३२ भाद्रमा पूर्णिमा ३३ अङ्कमा प्रकाशित शुभराज्याभिषेकको अवसरमा छापिएका दुइ प्राज्ञका प्रज्ञाहीन कृति तथा शुभराज्याभिषेकको अवसरमा प्रकाशित फ्याक्ट्स् अबाउट् नेपालमा रहेका अतथ्य कुरा भन्ने आफ्ना २ निबन्धमा मैले ती ग्रन्थमा लेखिएका अशुद्धिको सप्रमाण खण्डन गरेको थिएँ । त्यहाँ राम शाहको राज्यकालको विषयमा पनि संशोधन गरिएको थियो । सोही अशुद्ध कुरा सूचनाविभागद्वारा १ वर्षपछि प्रकाशित पुस्तकमा पनि दोहरिनु आश्चर्यलाग्दो कुरा भएको छ ।

ooo

# हाम्रो वक्तव्य

**वि. सं. २०३३ चैत्रमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट छापिएको प्रज्ञा २० पूर्णाङ्कमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीको मल्लकालीन नेपाल तथा उसका छिमेकी राज्य भन्ने लेख छापिएको छ । सो लेखमा मध्यकालको नेपालको सीमाबारे यस्तो लेखिएको छ–**

हाम्रा १८ पुराणमध्ये यौटा पुराणको नाम स्कन्द पुराण हो । यो पुराणमा भारतीय उपमहाद्वीपमा भएका अनेक पवित्र स्थलहरूका माहात्म्यहरू छन् । त्यस्ता माहात्म्यहरूमध्ये यौटा माहात्म्य हिमवत् खण्ड अर्थात् हिमालयको भूभागको पनि छ । त्यो हिमवत् खण्डमा नेपालको सीमा–निर्धारण गरिएका केही वर्णन पाइन्छन्... नेपाल माहात्म्यको पन्द्रऔं अध्यायमा नेपालको सीमा–वर्णन गरी लेखिएका केही पंक्ति छन् । ती यिनै हुन् :–

पूर्वस्यां कौशिकी पुण्या सर्वपापविनाशिनी
गङ्गा त्रिशूलगङ्गाख्या प्रतीच्यां दिशि संस्थिता ।।
उत्तरस्यां दिशि तथा सीमा शिवपुरी मता ।
दक्षिणस्यां दिशि नदी पवित्रा शीतलोदका ।।
एमन्मध्ये महापुण्यं नेपाल–क्षेत्रमीरितम् ।

यो सीमा-वर्णनमा नेपालका पूवमा कौशिको, पश्चिममा त्रिशूल गण्डकी, उत्तरमा शिवपुरी तथा दक्षिणमा चीसापानी (शीतलोदका) नामक खोलो भएको कुरा भनिएको छ ।

...आफ्नो एकीकरणका अभियानका आरम्भमा १७४४ ई. मा पृथ्वीनारायण शाहले काठमाडौंका अधीन भएको त्रिशूलीको उपत्यका नुवाकोट आफ्ना अधीन गराएको कुरा हामीलाई थाहा छ । यताबाट पश्चिम सीमा त्रिशूल गण्डकी नै भएको कुरामा सन्देह गर्नुपर्ने कारण छैन ।

...अचेल नेपाल अधिराज्यको सीमाभन्दा छोटकरीमा हामीले पूर्व मेची पश्चिम महाकाली भनेझैं माथिका अवतरणहरूबाट पूर्व कोशी पश्चिम त्रिशूल गण्डकी सीमा भएको कुरा ता शङ्कारहित भयो । . . .

उपर्युक्त हिमवत्खण्डमा वर्णित नेपाल–माहात्म्य जस्तै नेपाली बौद्धहरूको स्वयम्भू पुराण नामक यौटा बौद्ध पुराण प्राप्त छ । त्यो पुराणको निर्माणकाल पन्द्रौं शताब्दी हो भन्ने विद्वान्हरूको अनुमान छ। नेपालको बौद्ध दृष्टिले लेखिएका पुराणको आवश्यकता हिन्दू पण्डितहरूलाई प्रतीत हुनु अस्वाभाविक छैन र कोही पण्डितले नेपाल–माहात्म्य रचना गरी त्यसको प्राचीनता तथा धार्मिकता प्रमाणित गर्न हिमवत्षण्ड तथा स्कन्द पुराणसित त्यसलाई गाँसिदिनु आश्चर्यको कुरा छैन ।

त्यसो भए नेपाल–माहात्म्यलाई पनि पन्द्रौं शताब्दीको कृति मानेका खण्डमा विशेष बाधा नपर्ला ।

यो मतअनुसार उपर्युक्त सीमा–निर्धारणद्वारा विभाजनका अघिको मल्लकालीन नेपालको सीमा प्रमाणित हुन्छ । अब प्रश्न उठ्छ मल्लकालको आरम्भ भएको तेह्रौं शताब्दीको प्रारम्भको समयमा नेपालको के स्थिति थियो त ? जतिसम्म ऐतिहासिक प्रमाण पाइएको छ तिनको विचार गर्दा माथि भनिएको सीमा नै अघिल्लो मल्लकाल्को त के हाम्रा इतिहासको माध्यमिक कालको आरम्भ अर्थात् नवौं शताब्दीमा पनि स्थूल रूपले नेपालको यही सीमा थियो ।...

( प्रज्ञा २० पूर्णाङ्कका ६,३,४ पृ.)

नवौं शताब्दीदेखि नै नेपालराज्य पश्चिममा नुवाकोटभन्दा पर थिएन र नेपालको पश्चिमी सीमा त्रिशूलगण्डकी थियो भनी यहाँ ज्ञवालीज्यूले लेख्नुभएको छ । अब यस विषयमा विचार गरिन्छ ।

**सम्वत् १८९ भाद्रपद--(दिव)से श्रीमच्छङ्करदेवराज्ये श्रीलंजुगुङ्के वास्तव्यगङ्ग-राणकेन लेखितमिदं ।**

[भोटको ङोरमठमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिताको यो पुष्पिकावाक्य जर्नल् अफ् बिहार् यान्ड् ओरिसा रिसर्च् ससाइटिको २१ भागका २१–४३ पृष्ठमा छापिएको राहुल सांकृत्यायनको स्यान्स्क्रिट् पाम्–लीफ् म्यान्युस्क्रिप्ट्स् इन् टिबेट् ( भोटमा रहेका ताडपत्रमा लेखिएका संस्कृत ग्रन्थ ) भन्ने निबन्धमा र वि. सं. २०१५ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्तर्मो ओरियन्त्द्वारा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् ( नेपालको मध्यकालको इतिहास) का ४५–४६ पृष्ठमा छापिएको छ । पेतेकको पुस्तकबाट माथिको वाक्य सारिएको हो । ]

[ ने. सं. १८९ ( वि. सं. ११२६ ) भाद्र ... दिनमा श्रीशङ्करदेवको राज्यमा श्रीलंजुगुङ्क (लमजुङ)मा बस्ने गङ्गा राना (मगर) ले यो पुस्तक लेखेका हुन् ।]

(वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा २ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको नेवारी भाषाको तामाङ भाषा तथा लिम्बू भाषासँगको सादृश्य भन्ने निबन्ध, सो अङ्कको ४४ पृ. )

यताबाट विक्रमको बाह्रौं शताब्दीसम्म पनि नेपाल राज्य लमजुङसम्म त अवश्य थियो भन्ने देखिन्छ[१] । यस कारण नवौं शताब्दीदेखि नै नेपाल राज्य नुवाकोटभन्दा पर थिएन भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध ठहर्छ ।

१. प्राचीनकालमा पनि नेपाल राज्यको विस्तार ठूलो थियो भन्ने कुराको प्रामाणिक विवेचनाको लागि वि. सं. २०१६ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित , धनवज्र वज्राचार्य, रामजी तेवारी देवीप्रसाद भण्डारी , भोलानाथ पौडेल , शङ्करमान राजवंशी , गौतमवज्र वज्राचार्य , महेशराज पन्त , नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेय मूलभागका २१–२८ पृष्ठ हेर्नुहोस् ।

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ३७ अङ्कसम्म | १३०।५० |
| २. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास–संशोधन | १३। |
| ४. सावधान–पत्र | ६। |
| ५. विद्या–रक्षा | ६। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | ३।५० |

(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)

| | |
|---|---|
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. पञ्चाङ्ग–संशोधन (१३–१४ सङ्ख्या) | १५० |

## नेपाल–सांस्कृतिक–परिषद्‌तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।२० |
| ४. ऐतिहासिक-पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) | ४१। |

## शुद्धिपत्र

२ अङ्क ८१ पृष्ठ ६ पङक्तिमा

अशुद्ध– रेखागणित १ अ. ६ प्र.

शुद्ध– रेखागणित १ अ. ५ प्र.

३ अङ्क ८ पृष्ठ ७ पङक्तिमा

अशुद्ध– देउपाटनको मानदेवको पालाको प्रभुसंघको अभिलेखमा

शुद्ध– देउपाटनको मानदेवको पालाको रत्नसङ्घको अभिलेखमा

पूर्णिमा ( इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

# वि. सं. २०३४ आश्विन

यस अङ्कको मूल्य रु. ५।

मुद्रक–

लुष प्रेस

पुल्चोक, ललितपुर, नेपाल